# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

ANNUAL EDUCATIONAL STATUS REPORT

आर्थिक वर्ष : २०७८/७९

सुरुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद शाखा

**मधुपट्टी, सप्तरी (मधेश प्रदेश, नेपाल)**

# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन
## (Annual Educational Status Report)

**आर्थिक वर्ष : २०७८/७९**

सुरुङ्गा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

शिक्षा, युवा तथा खेलकुद शाखा

मधुपट्टी, सप्तरी (मधेश प्रदेश, नेपाल)

## हाम्रो भनाइ

नेपालको संविधान (२०७२) ले शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ । शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गरी आधारभूत शिक्षाको गुणस्तर उकास्न र शिक्षाको माध्यमबाट लैङ्गिक एवम् सामाजिक विभेद अन्त्य गरी समान र समतामूलक समाज निर्माणतर्फ वर्तमान शिक्षा नीति तथा कार्यक्रम परिलक्षित छन् । यति हुँदाहुँदै पनि कतिपय बालबालिकाहरू विपन्नताका कारण विद्यालय शिक्षाबाट बञ्चित भई बाल्यावस्थामै भोको पेटका लागि काममा लाग्नुपर्ने बाध्यात्मक अवस्था विद्यमान छ । खासगरी दलित, अल्पसङ्ख्यक र पिछडिएका समुदायका अधिकांश बालबालिकाहरू जीवनोपयोगी र सर्बसुलभ शिक्षाको अभावमा दोहोर्‍याई तेहर्‍याई पढ्नुपर्ने र असफल भई बीचैमा कक्षा छाड्नुपर्ने अवस्था, शिक्षण पेशामा आबद्ध व्यक्तिहरूमा सकारात्मक मनोवृत्तिको अभाव तथा विद्यालयको बिग्रँदो भौतिक अवस्थाका कारण विद्यालय व्यवस्थापन एवम् शैक्षिक विकासको कार्य चुनौतीपूर्ण बन्दै गएको देखिन्छ ।

गुणस्तरीय शिक्षा प्रत्याभूतिका लागि नेपाल सरकारले सामाजिक सेवाअन्तर्गत शिक्षा क्षेत्रमा आर्थिक वर्ष २०६८/६९ का लागि करिब १७% वार्षिक बजेट विनियोजन गरेको देखिए पनि सो अनुपात घट्दै गई आर्थिक वर्ष २०७८/७९ मा १०.९२% र आगामी आर्थिक वर्ष २०७९/८० का लागि १०.९५% (रू. १ खर्ब ९६ अर्ब ३८ करोड) बजेट छुट्याइएको छ । शिक्षा विकासका विविध प्रयासस्वरूप सामयिकरूपमा शिक्षा नीति तथा पाठ्यक्रम परिवर्तन एवं शैक्षिक योजनाहरू कार्यन्वयनमा आएका छन् । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोश्रो चरण हुँदै सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९-२०१५) समाप्ति पश्चात् कार्यान्वयनमा आएको विद्यालय क्षेत्र विकास कार्यक्रमले कार्यान्वयनको छैठौँ बसन्त पार गरिसकेको छ । माध्यमिक शिक्षालाई गुणस्तरीय रूपमा सबैको पहुँचभित्र ल्याउन र विद्यालयको संस्थागत क्षमतामा सुधार गर्न माध्यमिक शिक्षा सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो । तहगतरूपमा शिक्षालाई भिन्नाभिन्नै कार्यक्रमका रूपमा राखी योजना निर्माण र कार्यान्वयन हुँदै आएको विगतदेखिको परम्परालाई विद्यालय क्षेत्र सुधार कार्यक्रमले आर्थिक वर्ष २०६६/६७ देखि विस्थापित गरेको हो । यस कार्यक्रमले विगतको ४ तहमा बर्गीकृत विद्यालय शिक्षाको अवधारणालाई आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) को विद्यालय शिक्षामा रुपान्तरण गरेको छ । गुणस्तरीय शिक्षामा बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय शिक्षामा संरचनागत तथा कार्यमूलक परिवर्तनसहित जवाफदेहिता तथा कार्यदक्षता वृद्धि गर्ने उद्देश्यले ल्याइएको विद्यालय क्षेत्र विकास कार्यक्रमले अपेक्षित नतिजा दिने आशा गरिएको थियो । यसरी विविध परियोजना तथा कार्यक्रम अन्तर्गत गरिएका पहल र प्रयासस्वरूप शिक्षाका विविध पक्षमा सकारात्मक परिणामका सङ्केतहरू प्राप्त भए पनि सबै तह र तप्काका समुदायलाई गुणस्तरीय, रोजगारमुखी एवम् जीवनोपयोगी सीपमा आधारित शिक्षा व्यवस्थामा देखापर्ने विभिन्न खालका चुनौतीहरू सहजै निराकरण गर्न सकिने अवस्था देखिँदैन । कोरोना कहरले सबैभन्दा बढी प्रभावित हुनपुगेको क्षेत्र शिक्षा हो । शिक्षा क्षेत्र नराम्ररी थिलथिलिएको छ । सुधारका लागि शिक्षाप्रति चासो राख्ने सबैको प्रतिबद्धता, समन्वय र लगावको खाँचो देखिन्छ ।

सुरुङ्गा नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर खस्किरहेको सन्दर्भमा जनप्रतिनिधिहरूको प्रतिवद्धता, सरोकारवालाहरूको राय-सल्लाह र सुझाव बमोजिम शिक्षकहरूको सहकार्य र सहयोगमा ५ वर्षे नगर शिक्षा योजना (२०७८-८३) स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ । यसलाई अन्तिम रूप दिई समग्र शिक्षा क्षेत्रको विकासमा टेवा पुर्याई विद्यालयहरूको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार गर्न सबै सरोकारवालाहरूको चासो र अथक प्रयासको खाँचो छ ।

आर्थिक वर्ष २०७८/७९ मा यस नगरपालिका मार्फत् विभिन्न शीर्षकमा गरिएका लगानीबमोजिमका कार्यक्रम, कार्यान्वयन प्रक्रिया र भौतिक एवम् वित्तीय प्रगति विवरण झल्काउने उद्देश्यले यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरिएको छ । निर्दिष्ट ढाँचाभित्र रही नगरपालिकाको विद्यमान शैक्षिक स्थिति, प्रमुख शैक्षिक सूचना एवम् आर्थिक वर्ष २०७८/७९ को लक्ष्य र प्रगति विवरण यसमा समेट्ने प्रयास गरिएको छ । प्रतिवेदन तयार गर्ने जिम्मेवारी सम्पूर्ण कार्यालय परिवारको रहेको र सबै शाखा तथा उपशाखासंग सम्बद्ध कर्मचारीहरूले यसको तयारीमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएको छ ।

यस प्रतिवेदनले शिक्षासंग सम्बद्ध सम्पूर्ण सरोकारवाला एवम् पाठकवर्गहरूलाई सुरुङ्गा नगरपालिकाको संक्षिप्त शैक्षिक अवस्था र यस वर्ष सञ्चालित कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया एवम् प्रगतिसम्बन्धी सूचना प्रदान गर्ने अपेक्षा गरिएको छ । प्रतिवेदन तयार गर्ने क्रममा भएका कमी-कमजोरीहरू औँल्याई सुधारात्मक उपायहरू सुझाउनुहुने जोकोही महानुभावप्रति सुरुङ्गा नगरपालिका, सप्तरी सदैव आभार प्रकट गर्दछ ।

सुरुङ्गा नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी

**विषय सूची**


| क्र.सं. | शीर्षक/विवरण | पृष्ठ |
|---|---|---|
| | हाम्रो भनाइ | i |
| | विषयसूची | ii |
| | तालिकाहरूको सूची | iii |
| | नक्सा/डायग्राम आदिको सूची | iii |
| | अनुसूचीहरूको विवरण | iii |
| | कार्यकारी सारांश | iv |
| **१.** | **परिच्छेद - १ स्थिति प्रतिवेदनको परिचय** | |
| १.१ | पृष्ठभूभि | १ |
| १.२ | स्थिति प्रतिवेदनको उद्देश्य | १ |
| १.३ | स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | १ |
| १.४ | स्थिति प्रतिवेदन निर्माणका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू | २ |
| **२.** | **परिच्छेद - २ शैक्षिक अवस्था** | |
| २.१ | साक्षरताको स्थिति | ३ |
| १.२ | शिक्षण संस्थाहरूको संख्यात्मक विवरण | ३ |
| १.३ | विद्यार्थी विवरण | ४ |
| १.४ | भैतिक पूर्वाधारको अवस्था | ४ |
| १.५ | विद्यालय शिक्षाका शैक्षिक सूचकहरू | ५ |
| १.६ | स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था | ६ |
| **३.** | **परिच्छेद - ३ कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति** | |
| ३.१ | शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था | ७ |
| ३.२ | बजेट उपशीर्षक अनुसार बजेट तथा खर्चको अवस्था | ८ |
| ३.३ | कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती | ११ |
| ३.४ | कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय | १४ |
| **४.** | **परिच्छेद - ४ उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण** | |
| ४.१ | सशर्त अनुदानबाट सम्पादित कार्यक्रमहरू | १६ |
| ४.२ | आन्तरिक स्रोतबाट सम्पादित कार्यक्रमहरू | २६ |
| **५.** | **परिच्छेद - ५ असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू** | |
| ५.१ | अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम | २८ |
| ५.२ | असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरू | २८ |
| ५.३ | समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू | ३१ |
| ५.४ | चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू | ३३ |
| | **अनुसूचीहरू** | |
| | चालु आर्थिक वर्षमा सञ्चालित प्रमुख कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगतिको तालिका | |
| | राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित शिक्षकहरूको तलबी प्रतिवेदन | |
| | आर्थिक वर्ष २०७८/७९ को विद्यालयगत निकासा विवरण | |
| | अन्य : आ.व. २०७८/७९ को निकासा रकम खर्च सम्बन्धी विद्यालयहरूलाई निर्देशन। | |

## तालिकाहरूको सूची

तालिका १ : सुरुङ्गा नगरपालिकाको वडागत निरक्षरहरूको संख्यात्मक विवरण
तालिका २ : सामुदायिक विद्यालयहरूमा विद्यमान स्वीकृत शिक्षक दरबन्दी, राहत, शिक्षक अनुदान सम्बन्धी तहगत विवरण
तालिका ३ : विद्यालयहरूको भौतिक पूर्वाधारको स्थिति
तालिका ४ : शिक्षक दरबन्दी मिलान सम्बन्धी विवरण
तालिका ५ : २५ हजारदेखि ५० हजारसम्म जनसङ्ख्या रहेको नगरपालिकाको संगठन तालिका

## अनुसूचीहरूको विवरण

अनुसूची १ : आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन
अनुसूची २ : आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन
अनुसूची ३ : आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन
अनुसूची ४ : आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रगति प्रतिवेदन
अनुसूची-५ : आर्थिक वर्ष २०७८/७९ मा आन्तरिक स्रोततर्फ सञ्चालित कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन
अनुसूची-६ : राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित शिक्षकहरूको तलबी प्रतिवेदन
अनुसूची ७ : आर्थिक वर्ष २०७८/७९ को विद्यालयगत निकासा विवरण
अनुसूची ८ : आर्थिक वर्ष २०७८/७९ को अनुदान निकासा खर्च सम्बन्धी निर्देशन

# कार्यकारी सारांश

विद्यालय क्षेत्र सुधार कार्यक्रमको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रबर्द्धन शीर्षकमा एक आर्थिक वर्ष अवधिभर सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति विवरणलगायत नगरपालिकाको स्पष्ट शैक्षिक वस्तुस्थिति झल्कने गरी स्थिति प्रतिवेदन तयार गर्ने कार्यक्रम प्राप्त भएबमोजिम आर्थिक वर्ष २०७८/७९ अवधिभर सुरुङ्गा नगरपालिकामा सञ्चालन गरिएका कार्यक्रमहरूको प्रगति विवरण र शैक्षिक परिदृश्य झल्काउने उद्देश्यले यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन (Status Report) २०७८/७९ तयार गरिएको छ।

प्रतिवेदन तयारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्दिष्ट ढाँचाबमोजिम यस प्रतिवेदनलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा स्थिति प्रतिवेदनको परिचय प्रस्तुत गरिएको छ भने, दोस्रो परिच्छेदमा सुरुङ्गा नगरपालिकाको शैक्षिक अवस्था दर्शाइएको छ। त्यसैगरी तेस्रो परिच्छेदमा कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति सम्बन्धमा विश्लेषण गरिएको छ। प्रतिवेदनको चौथो परिच्छेदमा वर्षभरि कार्यान्वयन भएका कार्यक्रमबाट प्राप्त उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण र पाँचौं परिच्छेदमा असल अभ्यास, प्रमुख उपलब्धि, चुनौतीहरूको विश्लेषण गरी समाधानका उपायहरू सुझाइएको छ।

समष्टिमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरूका लागि वार्षिक बजेट रू. १८,२०,२५,०००।०० मध्ये रू. १६,१५,१०,३५०.३९ खर्च भई ८८.७३ प्रतिशत वित्तीय प्रगति भएको छ। त्यसैगरी आन्तरिक स्रोततर्फ विनियोजित रकम रू. २,००,००,०००।०० मध्ये रू. १,८१,७१,६६१।०५ खर्च भई ९०.८६ प्रतिशत प्रगति भएको छ। खेलकुद विकास कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, आधारभूत तथा माध्यमिक तहमा कार्यरत शिक्षक तलब भत्ता, विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फ १३ ओटा क्रियाकलाप र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ ओटा क्रियाकलाप सञ्चालन गर्ने सशर्त अनुदान प्राप्त भएको थियो। कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट त्रैमासिक निकासा फुकुवा हुने व्यवस्था अनुसार नै कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ देखि निकासा अवधिमा सुधार गरिए पनि र वैदेशिक स्रोततर्फ निकासा फुकुवा ढीलो गरी प्राप्त हुने भएकाले शिक्षक तलब भत्ता निकासा एवम् विद्यालय भवन निर्माण कार्यक्रम कार्यान्वयनमा समस्या सिर्जना हुने गरेको छ। मूलत: कोभिड-१९ को महामारीका कारण कार्यक्रम कार्यान्वयनमा प्रभाव परेको महशुस गरिएको छ।

आर्थिक वर्ष २०७८/७९ का कार्यक्रमहरू सञ्चालन गर्दा विविध समस्या एवम् कठिनाइहरू सामना गर्नुपर्‍यो। कार्यक्रम कार्यान्वयन पुस्तिका समय मै प्राप्त भएपनि त्रैमासिक अवधिको मध्ये तथा अन्त्यतिर मात्र फुकुवा हुँदा कार्यक्रम प्रभावित भएको थियो। आर्थिक वर्षको पूर्वार्द्धमा केही कार्यक्रमहरू कोरोना महामारीका कारणले ढिलो गरी सञ्चालन गर्नुपरेको थियो। यद्यपि उपलब्ध स्रोतसाधन र समयलाई मध्यनजर गरी कार्यक्रमलाई प्राथमिकीकरण गरी सञ्चालन गर्ने प्रयास गरिएको थियो। यी समस्याहरूलाई केलाउँदै सुरुङ्गा नगरपालिकालाई प्राप्त आर्थिक वर्ष २०७८/७९ को अवयवगत बजेट स्थिति र लक्षित उद्देश्यहरू हासिल गर्न बजेट तथा कार्यक्रम प्राप्तिसंगै तदारुकताका साथ समयमै सरोकारवाला शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, शिक्षाप्रेमी, राजनैतिक दल, नागरिक समाज, विषयगत शाखा, विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग समन्वय र साझेदारीमा कार्यक्रमलाई लक्षित वर्गसम्म पुर्‍याउनका लागि छलफल, विचारविमर्श गरी आवश्यक सरसल्लाह लिएर कार्यक्रम कार्यान्वयनमा यथासम्भव अधिकत्तम सहभागिता जुटाई सञ्चालन गरिएकोले सन्तोषजनक उपलब्धिहरू हासिल भएका छन्। यस वर्ष अनुभव गरिएका र सिकिएका पाठहरूका आधारमा अगाडि बढ्नसके आगामी दिनमा समस्याहरू कम हुँदै गई भावी कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद - १
# स्थिति प्रतिवेदनको परिचय

## १.१ पृष्ठभूमि

शिक्षा विकासको संवाहक हो। शिक्षाविना सभ्य, विकसित एवम् आधुनिक र विवेकशील समाज निर्माणको कल्पना समेत निरर्थक हुन्छ। शिक्षा विकासको लागि हरेक राज्यले शिक्षामा प्रतथमिकताका साथ लगानी गरेको पाइन्छ। नेपालमा १० वर्षअघि शिक्षामा कुल राष्ट्रिय बजेटको १७ प्रतिशतको हाराहारीमा लगानी गरिएको देखिएपनि केही वर्षयता सो अंश घट्न गई करिब ११ प्रतिशतमा खुम्चिँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा ११.९२ प्रतिशत, २०७८/७९ मा १०.९२ प्रतिशत र २०७९/८० मा १०.९५ प्रतिशतमा झरेको छ। शिक्षा क्षेत्रमा लगानी गरिएको बजेटको समुचित एवम् प्रभावकारी रूपमा परिचालन गरी अपेक्षित उद्देश्य हासिल गर्नेतर्फ उन्मुख हुनु हामी सबै शिक्षाकर्मी र सरोकारवालाहरूको कर्तब्य हुनआउँछ।

सुरुङ्गा नगरपालिकाको वार्षिक बजेट प्रवाहको स्थिति हेर्दा २८ प्रतिशतभन्दा बढी बजेट विनियोजन भएको देखिन्छ। अधिकांश बजेट आधारभूत तह र माध्यमिक तहका शिक्षक, प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूको पारिश्रमिक सुविधामा खर्च हुने भएकाले विकासका काममा न्यून खर्च हुनेगरेको छ। विद्यालय शिक्षाको गुणस्तर सुधार, निरक्षर प्रौढहरूका लागि साक्षरता र निरन्तर शिक्षा, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण व्यवस्था, विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार लगायतका शीर्षकहरूमा स्रोतको न्यूनताका कारण अपेक्षित सुधार आउनसकेको छैन। यसै सन्दर्भमा सुरुङ्गा नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारबाट हस्तान्तरित बजेट तथा कार्यक्रम र आन्तरिक स्रोतबाट विनियोजित बजेट तथा कार्यक्रम अन्तर्गत सम्पादन गरिएका कार्यहरू समेटी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको ढाँचामा यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरिएको छ।

## १.२ स्थिति प्रतिवेदनको उद्देश्य

विद्यालय क्षेत्र विकास कार्यक्रमको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रबर्द्धन शीर्षकमा एक आर्थिक वर्ष अवधिभर सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति विवरणलगायत सुरुङ्गा नगरपालिकाको स्पष्ट शैक्षिक वस्तुस्थिति झल्कने गरी स्थिति प्रतिवेदन तयार गर्ने कार्यक्रम भएबमोजिम आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गरिएका कार्यक्रमहरूको प्रगति विवरण र नगरपालिकाको शैक्षिक परिदृश्य झल्काउने उद्देश्यले यो स्थिति प्रतिवेदन २०७८/७९ तयार गरिएको छ। यस प्रतिवेदन तयार गरिनुका प्रमुख उद्देश्यहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सुरुङ्गा नगरपालिकाको मौजुदा शैक्षिक अवस्थाको पहिचान तथा विश्लेषण गर्नु,
- कार्यक्रम कार्यान्वयको वित्तीय र भौतिक प्रगति सम्बन्धी जानकारी गराउनु,
- कार्यक्रम कार्यान्वयनको स्थिति विश्लेषण गरी समीक्षा गर्नु,
- वर्षभरिमा नगरपालिकामा भए गरेका क्रियाकलापहरूको यथार्थ गतिविधिलाई अभिलेखीकरण गरी तालुक निकायमा प्रतिवेदन सम्प्रेषण गर्नु,
- विगत र वर्तमानको अवस्थाको आधारमा भावी कार्यक्रम कार्यान्वयनका लागि सुधारका थप उपायहरू अवलम्बन गर्न सघाउ पुर्याउनु।

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

आर्थिक वर्ष २०६५/६६ सम्म कक्षा १ देखि ५ सम्मको सबैका लागि शिक्षा र कक्षा ६ देखि १० सम्मको माध्यमिक शिक्षा सहयोग कार्यक्रमलाई आर्थिक वर्ष २०६६/६७ देखि कक्षा १ देखि १२ सम्मको एकीकृत विद्यालय शिक्षा पद्धतिको कार्यान्वयनका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रम हुँदै विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको ६ वर्ष वितिसक्दा केन्द्रिकृत शासन व्यवस्थाबाट संघीयतामा मुलुक रूपान्तरण पश्चात उक्त कार्यक्रमहरूका बारेमा सम्बन्धित सरोकारवालाहरूसंग शैक्षिक कार्यक्रमसम्बन्धी अन्तरक्रिया र छलफल गर्दै सुझाव एवम् सूचना सङ्कलन गरिनुका साथै गतविगत वर्षहरूमा सञ्चालित शैक्षिक कार्यक्रमहरूबाट प्राप्त उपलब्धि र यस आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित कार्यक्रमको कार्यान्वयन अवस्थाका बारेमा सम्बद्ध पक्षलाई जानकारी गराउँदै रायसुझाव र प्रतिक्रिया सङ्कलन गरी आगामी आर्थिक वर्षको योजना निर्माणमा पृष्ठपोषणका रूपमा प्रयोग गरिँदै आएको इतिहास छ।

स्थानीय तहको शैक्षिक उन्नयनमा अग्रणी भूमिका निर्वाह गर्ने स्थानीय तहस्तरमा शैक्षिक संरचनाको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको नगर शिक्षा समितिको नियमित बैठकमा विगत आर्थिक वर्षमा प्राप्त शैक्षिक प्रगतिको समीक्षा एवम् चालु आर्थिक वर्षमा सञ्चालित शैक्षिक कार्यक्रम कार्यान्वयनको अवस्थालाई आधार बिन्दु मान्दै नगर शिक्षा समितिका पदाधिकारी, शिक्षा शाखाका

कर्मचारीहरू, शिक्षाप्रेमी, बुद्धिजीवी, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिहरू एवम् विभिन्न संघसंस्था जस्ता शैक्षिक सरोकारवालाहरूको संलग्नतामा छलफल एवम् अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरी प्राप्त रायसुझावलाई आर्थिक वर्ष २०७८/७९ को वार्षिक शैक्षिक स्थिति प्रतिवेदन निर्माण गर्दा मार्गदर्शनको रूपमा लिइएको छ।

कुनै पनि कार्यक्रम सञ्चालन भइसकेपछि सो कार्यक्रमको सञ्चालन प्रक्रिया, समय, लागत र उपलब्धिका बारेमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नु कार्यक्रम सञ्चालन गर्ने निकायको दायित्व हुनआउँछ। यसै क्रममा सुरुङ्गा नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित विभिन्न कार्यक्रमहरूका बारेमा शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसमक्ष प्रतिवेदन पेस गर्नको लागि यो स्थिति प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदन निर्माणका क्रममा सामाजिक विकास समिति, नगर शिक्षा समिति र नगरपालिकाका अन्य कर्मचारीहरूको सहभागिता रहेको र देहायका आधारमा तयार गरिएको छ :

- विद्यालयहरूमा विभिन्न शीर्षकमा गरिएका अनुदान निकासाहरू,
- नगरस्तरमा सञ्चालन गरिएका विभिन्न बैठक, तालिम, गोष्ठी, कार्यशाला तथा छलफलहरू,
- नगरस्तरमा सञ्चालन भएका विभिन्न तालिम, अभिमुखीकरण, प्रबोधीकरण लगायतका कार्यक्रमहरू,
- नगरपालिकाका कर्मचारीहरूबाट आ-आपनो क्षेत्रमा सञ्चालन गरिएका क्षमता विकास तथा सुदृढीकरण कार्यक्रमहरू,
- योजना निर्माण तथा वार्षिक समीक्षा बैठकबाट प्राप्त सुझावहरू,
- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ र तालुक निकायबाट प्राप्त परिपत्र तथा निर्देशनहरू,
- कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सरोकारवालाहरूसँग छलफल तथा अन्तक्रिया,
- विद्यालयहरूमा भए गरेका विभिन्न क्रियाकलापहरू,
- अनुगमनका क्रममा देखिएका तथ्यहरू र विभिन्न शैक्षिक सरोकारवालहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणहरू,
- सम्बद्ध पदाधिकारीहरूले अनुगमन तथा निरीक्षणका क्रममा सुझाएका बुँदाहरू।

### १.४ स्थिति प्रतिवेदन निर्माणका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू

सुरुङ्गा नगरपालिकामा सञ्चालित विभिन्न शैक्षिक संस्थाहरूबाट भरिएका तथ्याङ्क, विद्यालय व्यवस्थापन समिति, विद्यालय, नगरस्तरीय प्र.अ. बैठक, स्टाफ बैठकका निर्णय, राजनैतिक दल, सामाजिक विकास समिति, नगर शिक्षा समिति, अनुगमन समिति , शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति, अनुदान व्यवस्थापन इकाई, साक्षरता अभियान नगर समिति जस्ता निकायहरूको लिखित तथा मौखिक परामर्श, केन्द्रीय एवम् विभागीय निकायबाट प्राप्त कार्यक्रम कार्यान्वयन पुस्तिका, प्रक्रिया, मापदण्ड एवम् कार्यक्रम, अख्तियारी, नर्म्स, नगर शिक्षा योजना, शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी निर्देशिका र कार्यविधि, कार्यक्रम कार्यान्वयन एवम् अनुगमन योजनाका साथै नगरका विभिन्न योजनासँग सम्बन्धित दस्तावेजहरू, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा ऐन तथा नियमावली संशोधन सहित, आवधिक योजना एवम् नेपाल सरकार/प्रदेश सरकार/नगरपालिकाको नीति तथा कार्यक्रम समेतलाई स्रोतको रूपमा उपयोग गरिएको छ। खासगरी यो प्रतिवेदन तयारीका लागि निम्न स्रोतहरूलाई विशेष महत्व दिइएको छ :

- नगरपालिकामा सञ्चालित शैक्षिक संस्थाहरूबाट प्राप्त फाराम तथा विवरणहरू,
- School-based IEMIS Report-I & II, 2077 & 2078,
- विद्यालय व्यवस्थापन समिति, विद्यालय, नगरस्तरीय प्र.अ. बैठक, कर्मचारी-स्टाफ बैठक, कार्यपालिका बैठकका निर्णयहरू,
- नगर शिक्षा समिति, साक्ष रता अभियान नगर समिति, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति, अनुगमन समिति जस्ता निकायहरूको लिखित तथा मौखिक निर्णय तथा सुझावहरू,
- कार्यक्रम कार्यान्वयन पुस्तिका एवम् कार्यक्रम, अख्तियारी तथा नर्म्स,
- शिक्षा विभागबाट प्रकाशित सूचना तथा प्रतिवेदन,
- शैक्षिक संस्थाहरूबाट सङ्कलित सूचना एवम् तथ्याङ्कहरू र विभिन्न विद्यालयबाट प्राप्त मागपत्रहरू,
- विभिन्न तहमा भएका अन्तरक्रियाबाट प्राप्त सुझावहरू,
- नेपाल सरकारका केन्द्रीय निकायहरू र प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रम तथा बजेट।

# परिच्छेद - २ शैक्षिक अवस्था

सुरुङ्गा नगरपालिकाभित्र २६ ओटा आधारभूत विद्यालय (१६ ओटा प्राथमिक, १ धार्मिक (मदरसा), ९ निम्नमाध्यमिक) र ५ ओटा माध्यमिक विद्यालय (१ माध्यमिक र ४ उच्चमाध्यमिक) गरी ३२ ओटा सामुदायिक विद्यालयहरू छन् भने १७ ओटा संस्थागत विद्यालय र १ ओटा क्याम्पस गरी कुल ५० ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् । ४९ ओटा प्रारम्भिक बालविकास कक्षाहरू सामुदायिक विद्यालयमै समाहित छन् **भने** १ ओटा समुदायमा सञ्चालित छ । संस्थागत विद्यालयहरूमा १७ पूर्व प्राथमिक कक्षा (नर्सरीदेखि यूकेजी) सञ्चालन भइरहेका छन् । सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १०५, निम्नमाध्यमिक तहमा २०, माध्यमिक तहमा २०, उच्चमाध्यमिक तहमा ४ गरी कुल १४९ स्वीकृत दरबन्दी, प्राथमिक तहमा ३६, निम्नमाध्यमिक तहमा २१, माध्यमिक तहमा ७ गरी कुल ६४ राहत, उच्चमाध्यमिक तहमा ३ शिक्षक अनुदान र प्राविधिक धारतर्फ ४ प्रशिक्षक तथा २ सहायक प्रशिक्षक गरी कुल २२२ पदमा शिक्षकहरू कार्यरत छन् । शिक्षक अभाव पूर्ति गर्न १५ विद्यालयमा १६ जना स्वयंसेवक शिक्षक र ७ ओटा विद्यालयमा शिक्षण सहयोग अनुदानमा शिक्षक परिचालन गरिएका छन् । प्रत्येक विद्यालयमा कम्तीमा १ र बढीमा ३ जना गरी कुल ५० जना प्रारम्भिक बालविकास सहजकर्ताहरू सेवारत छन् । त्यसैगरी ३१ जना विद्यालय सहयोगी एवम् ५ जना विद्यालय सहायक गरी ३६ जना विद्यालय कर्मचारी पदमा कार्यरत छन् ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा अन्तर्निहित रहेकोले यस नगरपालिकाले आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन कार्यविधि, २०७४, स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ र सुरुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७७ बनाई कार्यान्वयनमा ल्याएको छ । सुरुङ्गा नगरपालिकाको शिक्षा नियमावली निर्माणको क्रममा रहेको छ । समग्र विद्यालय शिक्षाको विकास, विस्तार र सबैका लागि समतामूलक गुणस्तरीय विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्न नगर शिक्षा योजना (२०७८-८३) स्वीकृत भई कार्यान्वयनमा रहेको छ । विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका निमित्त विद्यमान कानुन अपर्याप्त छन् । यसका निम्ति नगरपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक विधि तथा कानुन निर्माणको कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ ।

## २.१ साक्षरताको स्थिति

सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपालबाट मोबाइल प्रविधिमा आधारित CMIS Household Survey बाट प्राप्त विवरण अनुसार सुरुङ्गा नगरपालिका क्षेत्रभित्रका वडागत निरक्षरहरूको विवरण तालिका १ मा उल्लेख गरिएको छ । सुरुङ्गा नगरपालिकाद्वारा २०७५ सालमा सञ्चालन गरिएको घरपरिवार सर्वेक्षण अनुसार सुरुङ्गा नगरपालिकाको साक्षरताको स्थिति निम्नानुसार रहेको छ :-

| क्र.सं. | विवरण | महिला | पुरूष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १. | कुल जनसंख्या | २४,३३२ | २६,४७१ | १३ | ५०,८१६ |
| २. | ५ वर्षमाथिको जनसंख्या | २१,४८२ | २३,३१२ | १३ | ४४,८०७ |
| ३. | ५ वर्षमाथिको साक्षर जनसंख्या | १३,५४५ | १९,४५९ | ११ | ३३,०१५ |
| ४. | ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६३.०५ | ८३.४७ | ८४.६१ | ७३.६८ |
| ५. | साक्षर-निरक्षर नखुलेको जनसंख्या | | | | ६४५ |

स्रोत : घरपरिवार सर्वेक्षण, २०७५

## २.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

शैक्षिक सत्र २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिका क्षेत्रभित्र सामुदायिक आधारभूत विद्यालय २६, संस्थागत आधारभूत विद्यालय १७, सामुदायिक माध्यमिक विद्यालय ६, संस्थागत माध्यमिक विद्यालय १ र उच्च शिक्षा शिक्षण संस्था (क्याम्पस) १ रहेको छ । १ ओटा सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ९-१२ सम्म सिभिल ईञ्जिनियरिङ विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको छ । अनुमति प्राप्त कोचिङ सेन्टर १ रहेको छ । तहगत विद्यालय सङ्ख्यालाई तलको तालिकामा प्रष्ट पारिएको छ :

| क्र. सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |

| क्र. सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १. | प्राथमिक | १५ | २ | १७ | १२ | २५ |
| २. | निम्नमाध्यमिक | ० | ९ | ९ | ४ | १८ |
| | आधारभूत | **१५** | **११** | **२६** | **१६** | **४३** |
| ३. | माध्यमिक ९-१० | ४ | २ | ६ | १ | ६ |
| ४. | उच्चमाध्यमिक | २ | २ | ४ | ० | ४ |
| | माध्यमिक ९-१२ | **४** | **२** | **६** | **१** | **६** |
| | **जम्मा विद्यालय** | **१९** | **१३** | **३२** | **१७** | **४९** |

## २.३ विद्यार्थी विवरण

शैक्षिक सत्र २०७८ को IEMIS Report अनुसार सामुदायिक विद्यालयहरूमा नौ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरेको देखिन्छ। करिब ३८ प्रतिशत विपन्न दलित र १८ प्रतिशत विद्यार्थीहरू विपन्न जनजाति समुदायका विद्यार्थीहरू छन् । बाँकी विद्यार्थीहरू अन्य विपन्न जाति/समुदायका बालबालिकाहरू नै बढी अध्ययन गरेको पाइन्छ। ५३ प्रतिशत छात्र र ४७ प्रतिशत छात्राको सहभागिता रहेको छ। तहगत र जातिगत विद्यार्थी विवरण तलको तालिकामा देखाइएको छ :

| क्र. सं. | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | **५३९** | **४९५** | **१,०३४** | **२३०** | **१९२** | **४२२** | **१६१** | **१८०** | **३४१** |
| २. | प्राथमिक | २,०४२ | २,१५२ | ४,१९४ | ९०८ | ९१३ | १,८२१ | ४८५ | ५३५ | १,०२० |
| ३. | निम्नमाध्यमिक | १,११७ | १,२३३ | २,३५० | ३९२ | ३९४ | ७८६ | २९१ | ३९१ | ६८२ |
| **क.** | **आधारभूत १-८** | **३,१५९** | **३,३८५** | **६,५४४** | **१,३००** | **१,३०७** | **२,६०७** | **७७६** | **९२६** | **१,७०२** |
| ४. | माध्यमिक ९-१० | ८३८ | ७९२ | १,६३० | १९१ | २०७ | ३९८ | २९८ | ३०२ | ६०० |
| १. | उच्चमाध्यमिक | १८८ | २८६ | ४७४ | ३२ | ३९ | ७१ | ७२ | १२६ | १९८ |
| **ख.** | **माध्यमिक** ९-१२ | **१,०२६** | **१,०७८** | **२,१०४** | **२२३** | **२४६** | **४६९** | **३७०** | **४२८** | **७९८** |
| | **जम्मा** | ४,९७२४ | ४,९५८ | ९,६८२ | **१,७५३** | **१,७४५** | **३,४९८** | **१,३०७** | **१,५३४** | **२,८४१** |

स्रोत **:** IEMIS Report, 2078

## २.४ भौतिक पूर्वाधारको अवस्था

आर्थिक वर्ष २०७८/७९ को लागि यस नगरपालिका अन्तर्गतका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण अनुदान स्वरूप राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फ ७२ लाख रूपैयाँको २ ओटा ४ कोठे भवन र १८ लाखका दरले १ ओटा २ कोठे भवन निर्माण गर्न बजेट तथा कार्यक्रम प्राप्त भएको थियो । आर्थिक वर्षको अन्तिम त्रैमासिकमा बजेट प्राप्त भएकाले निकासा उपलब्ध गरिए पनि कार्यसम्पन्न भइसकेको छैन। स्थानीय आवश्यकताको आँकलन स्थानीय तहबाटै हुनुपर्नेमा माथिल्ला निकायहरूबाटै विद्यालय तोकेर भवनको कार्य गर्नुपर्दा स्थानीय आवश्यकता पूर्ति हुननसक्ने देखिन्छ । आवश्यकता एकातिर बजेट विनियोजन अर्कोतिर हुने समस्या देखिएको छ।

तहगत आधारमा ६४ प्रतिशत भन्दा बढी प्रारम्भिक बालविकास कक्षा, ४६ प्रतिशत आधारभूत विद्यालयहरू र ८० प्रतिशत माध्यमिक विद्यालयहरूले प्राथमिकतायुक्त न्यूनतम सक्षमताको अवस्था (PMEC-Prioritized Minimum Enabling Conditions) पूरा गरेका छन्। कक्षा अनुसार शिक्षक संख्या, कक्षाकोठा, छात्रा शौचालय, हरेक विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक, शिक्षण सिकाइ सामग्री कुना जस्ता पक्षहरूलाई विद्यालयमा चाहिने न्यूनतम मापदण्डको आधार मान्ने हो भने यी पूर्वाधारहरू थुप्रै विद्यालयले पूरा गरेको देखिन्छ। आधुनिकीकरण, विश्वव्यापीकरण, शिक्षा क्षेत्रमा बढ्दै गएको नवीन प्रविधिको प्रयोगले विद्यालय सञ्चालनको मापदण्ड, भौतिक पूर्वाधार, शैक्षिक व्यवस्थामा आमूल परिवर्तनको खाँचो औँल्याएको छ । कम्प्युटर प्रयोगशाला, पुस्तकालय, ई-लाइब्रेरी, अनलाइन (सूचना तथा सञ्चार) प्रविधिमा आधारित शिक्षण सिकाइ, स्मार्ट बोर्ड (IRI) को सुविधा, कार्यालय कक्ष, स्टाफ कक्ष, क्यान्टिनको व्यवस्था, सभा हल जस्ता सुविधाका हिसाबले अझै पनि हाम्रा विद्यालयहरू राम्रा छैनन्। अर्थात् यी कुराहरूको अभाव रहेको छ।

स्रोतको अभावका कारण यी सुविधाहरू तत्कालै पूरा हुने देखिँदैन पनि। नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजन हुने बजेट तथा कार्यक्रम समेत न्यून देखिन्छ, भने नगरपालिकाको आफ्नै स्रोत कमजोर रहेकोले अत्यावश्यक योजनामै सीमित देखिन्छ। शिक्षातर्फ विनियोजित बजेटको अंश उत्साहजनक भएपनि शिक्षक तालिम, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था, कार्यक्रम सञ्चालन जस्ता शीर्षकमै नपुग हुने देखिन्छ।

सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका ३२ मध्ये ३१ ओटा सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार तालिका ४ मा प्रस्तुत गरिएको छ।

## २.५ विद्यालय शिक्षाका शैक्षिक सूचकहरू

सुरुङ्गा नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको IEMIS Report 2077/78, नगर वस्तुगत प्रोफाइलको मस्यौदा, घरपरिवार सर्वेशक्षण विवरण, शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनहरू, पन्ध्रौँ योजनामा शिक्षा तथा विभिन्न दस्तावेजका आधारमा राष्ट्रिय स्थिति एवम् लक्ष्य र सुरुङ्गा नगरपालिकाको वर्तमान अवस्था एवम् लक्ष्य निम्नानुसार प्रस्तुत गरिएको छ :-

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७८/७९) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | कुल भर्ना दर | ८० | ८६.४ | १०० | १०० | १०० |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | ६० | ६७.२ | ९० | | ८० |
| १.३ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६२ | ६८.७ | ९० | ९० | ९० |
| २. आधारभूत शिक्षा | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५ | १२१.९ | १०६ | | १०५ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९० | ९६.८ | ९९ | | ९५ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | १२५ | ११९.३ | ११२ | | ११० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९२ | ९७.१ | १०० | | ९८ |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | ११८ | ११०.४ | ११५ | | १०५ |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ८५ | ९३.८ | ९९ | ९९ | ९५ |
| २.७ | कक्षा ८ मा टिकाउ दर | ७० | ७९.३ | ९८.९ | | ९५ |
| २.८ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७० | ७२.७ | ९८.७ | | ९५ |
| ३. माध्यमिक शिक्षा | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्नादर | ९० | ९४.६ | १०५.६ | | १०५ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | ६५ | ६८.७ | ८१.४ | | ८० |
| ३.३ | कक्षा ९-१२ मा कुल भर्नादर | ६८ | ७१.४ | ९१.६ | | ९० |
| ३.४ | कक्षा ९-१२ मा खुद भर्नादर | ४५ | ४७.६ | ५८.१ | ६५ | ६० |
| ३.५ | कक्षा ११-१२ मा कुल भर्नादर | ५० | ५१.५ | ७७.३ | | ७० |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्नादर | ३० | २५.८ | ४०.१ | | ४० |
| ३.७ | कक्षा १० मा टिकाउ दर | ६० | ६०.३ | ९७.९ | | ९० |
| ३.८ | कक्षा १२ मा टिकाउ दर | २५ | २४.० | ३५.४ | | ३५ |
| ४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | | | | | | |
| ४.१ | ५ वर्षमाथिको साक्षरता दर | ७४ | ७८ | ९६ | ९६ | ९६ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ८५ | ९२ | ९९ | ९९ | ९७ |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७८/७९) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | ६० | ५८ | ९५ | ९५ | ९५ |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | |
| ५.१ | आधारभूत तह | २६.४ | ४३.७ | ५० | | ३० |
| ५.२ | माध्यमिक तह | ५ | २०.६ | २५ | | १० |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास केन्द्र | ६४ | | ६० | | ८० |
| ६.२ | आधारभूत विद्यालय | ४६ | १३.४ | ७० | | ७० |
| ६.३ | माध्यमिक विद्यालय | ८० | | ६० | | १०० |
| ७. शिक्षा क्षेत्रको बजेट प्रतिशत | | २० | ११.६४ | १७ | | ३० |

## २.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

सुरुङ्गा नगरपालिका स्थापनाको पूर्वाद्धमा विगतको अभ्यास कायम राख्दै १ जना स्रोतव्यक्तिबाट व्यवस्थापनको कार्य भइरहेको थियो । स्रोतव्यक्तिको पद र स्रोतकेन्द्रको पद्धति खारेज हुँदै गएपनि यस नगरपालिकामा भने तत्कालीन स्रोतव्यक्तिलाई नै काजमा लिई शिक्षासम्बन्धी कामकाज भइरहेको थियो । कर्मचारी समायोजन पश्चात् आठौँ तहको १ जना र छैठौँ तहको १ जना कर्मचारी थपिई आठौँ र छैठौँ तहमा समायोजन र पदस्थापन गरियो । २०७५ सालको अन्त्यतिर २५ हजारभन्दा बढी तर ५० हजारभन्दा कम जनसङ्ख्या भएको नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा रहने व्यवस्था भयो । जसअनुसार १ जना राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत र १ जना राजपत्र अनंकित प्रथम श्रेणीको सहायक कर्मचारी रहने व्यवस्था अनुरूप हाल आठौँ तह र छैठौँ तहका २ जना कर्मचारी कार्यरत छन् । कार्यबोझका हिसाबले १ जना शिक्षकलाई स्रोतव्यक्तिको रूपमा काजमा खटाइएको छ ।

शिक्षा, युवा र खेलकुद जस्ता ३ विषय क्षेत्रको योजना, बजेट, कार्यक्रम कार्यान्वयन, अनुगमन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन र दैनिक सेवा प्रवाहको कार्य सम्पादनको लागि विद्यमान कर्मचारी व्यवस्था अपर्याप्त देखिन्छ । शिक्षा क्षेत्रको व्यवस्थापनको लागि विषय विशेषज्ञता समेत आवश्यक पर्ने हुँदा विद्यमान कर्मचारी व्यवस्थाले धान्न सजिलो छैन ।

शिक्षा, युवा तथा खेलकुद शाखामा रहेको दरबन्दी तेरिज यस प्रकार रहेको छ :-

- शाखा अधिकृत (शिक्षा, राजपत्राङ्कित तृतीय/अधिकृत सातौं/आठौं) १ : आठौँ तहको अधिकृत कार्यरत
- प्राविधिक सहायक (शिक्षा, राजपत्र अनंकित प्रथम/सहायक सातौं) १ : छैठौँ तहको अधिकृत कार्यरत

२५ हजारदेखि ५० हजारसम्म जनसङ्ख्या रहेको नगरपालिकाहरूको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्धारित संगठन तालिका ५ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद - ३
# कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

यस परिच्छेदमा आर्थिक वर्ष २०७८/७९ मा सुरुङ्गा नगरपालिकाका लागि शिक्षा क्षेत्रमा संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई सशर्त अनुदानको रूपमा प्राप्त भएको खेलकुद विकास कार्यक्रम, सबैका लागि शिक्षा-आधारभूत तह, माध्यमिक तह, विद्यालय क्षेत्र विकास कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र आन्तरिक स्रोततर्फ विनियोजित कार्यक्रमहरूको भौतिक र वत्तीय प्रगतिको स्थिति विश्लेषण गरिएको छ।

## ३.१ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था

यस नगरपालिकालाई आर्थिक वर्ष २०७८/७९ को लागि संघीय सरकारबाट हस्तान्तरित खेलकुद विकास कार्यक्रम (३४३००१०२), सबैका लागि शिक्षा - आधारभूत तह (३५००००१४), माध्यमिक तह (३५००००१५), विद्यालय क्षेत्र विकास कार्यक्रम (३५०००८०१). राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम जस्ता बजेट उपशीर्षकहरूमा सशर्त अनुदान प्राप्त भएको थियो। यी कार्यक्रमहरूको कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन प्रक्रिया, शिक्षण सहयोग अनुदान कार्यान्वयन कार्यविधि, कार्यक्रम कार्यान्वयन मार्गदर्शन लगायत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा उपलब्ध विभिन्न निर्देशिका र कार्यविधिहरूको अनुसरण गरिएको थियो।

सुरुङ्गा नगरपालिकाको आर्थिक कारोवार अनलाइन प्रविधिमा आधारित छ। संघीय सरकारबाट LMBIS मार्फत प्राप्त सबै कार्यक्रम र बजेट शीर्षकगत रूपमा अनलाइन प्रविष्टि गरी सूत्रबद्ध गर्ने कार्य गरिन्छ। वार्षिक कार्यक्रम तथा बजेट र खर्च गर्ने अख्तियारी प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा माग गर्ने र निकासा फुकुवा प्राप्त भएपछि कार्यक्रम सञ्चालनको लागि सम्बन्धित शाखा, उपशाखा, वडा कार्यालयहरू, आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकीय अधिकृतको संलग्नतामा टिप्पणीमार्फत निर्णय गराई नियमानुसार अनलाइन प्रविधिबाट पेश्की एवम् भुक्तानीको कार्य गरिन्छ। खर्चको आन्तरिक नियन्त्रण प्रणाली तथा Treasury Single Account Systen बाट नियमित आयव्ययको व्यवस्था गरी प्रतिवेदन पठाउने र लेखापरीक्षण गराउने व्यवस्था अनुरूप आर्थिक कारोवार सञ्चालन भइरहेको छ।

त्रैमासिक मागका आधारमा त्रैमासिक रूपमा शिक्षक, विद्यार्थी, विद्यालय लगायतका तोकिएका एकाइको आधारमा टिप्पणी स्वीकृत गरी विद्यालयहरूमा अनुदान प्रवाह गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने, सामाजिक परीक्षण गराउने व्यवस्था गरिएको छ। विद्यालयहरूमा जाने अनुदान निकासाहरूलाई विद्यालयको कोषमा आम्दानी बाँधी सशर्त अनुदानलाई जुन शीर्षकमा निकासा भएको हो सोही शीर्षकमा र निशर्त अनुदानलाई विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालय विकास तथा सुधारका विविध शीर्षकहरूमा खर्च गर्ने आधार तयार गरी खर्च गर्न निर्देशन दिइएको छ। नगरपालिकाले खर्च लेख्न र निकासा दिनका लागि प्रचलित आर्थिक ऐन, नियम, कार्यक्रम कार्यान्वयन पुस्तिका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्देशन अनुसरण गरिएको छ। कार्य सम्पन्न प्रतिवेदनका साथ त्रैमासिक प्रगति विवरण तोकिएको समयसीमाभित्र तयार गरी सम्प्रेषण गरिएको छ।

शिक्षा क्षेत्रमा रू. १७,२०,२५,०००।०० र खेलकुद विकास कार्यक्रमका लागि रू. १,००,०००।०० गरी जम्मा रू. १८,२०,२५,०००।०० सशर्त अनुदान प्राप्त भई कार्यक्रम सञ्चालन गरिएको थियो। कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा बन्दाबन्दीले गर्दा आर्थिक वर्षको पूर्वार्द्धमा शैक्षिक संस्थाहरू प्रभावित रहे। करिब २ वर्ष कोभिड-१९ का कारण विद्यालय उमेर समूहका बालबालिकाहरूको सिकाइ प्रक्रिया इतिहासमै सबैभन्दा बढी प्रभावित बन्न पुगेको थियो। यस वर्षदेखि मात्र विद्यालयहरू सामान्य अवस्थामा फर्केका छन्। तथापि विनियोजित बजेटको करिब ९० प्रतिशत खर्च भएको छ। कोरोना भाइरसको प्रभावका कारण बजेट खर्च प्रभावित हुनुका साथै केही बजेट उपशीर्षकमा एकाइ लागतका आधारमा न्यून बजेट र केही शीर्षकमा बढी बजेट विनियोजन भएकाले रकमान्तरको समस्याका कारण पनि सतप्रतिशत खर्च हुनसकेन।

बजेट शीर्षकअनुसार वार्षिक बजेट तथा खर्चको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ :-

| क्र.सं. | आयोजना / कार्यक्रम | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | खेलकुद विकास कार्यक्रम (३४३००१०२) | १००,००० | ९८,५००.०० | ९८.५० |
| २ | सबैका लागि शिक्षा- आधारभूत तह (३५००००१४) | ९,६४,००,००० | ८,६७,७५,१७५.५८ | ९०.०० |
| ३ | माध्यमिक तह (३५००००१५) | २,२८,००,००० | २,२८,००,०००.० | १००.०० |
| ४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्लास्तर (३५०००८०१) | ५,३०,७५,००० | ४,२१,८५,१७४.८१ | ७९.४८ |
| ५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ९६,५०,००० | ९६,५०,००० | १००.०० |
|  | **सबै शीर्षकको जम्मा** | **१८,२०,२५,०००** | **१६,१५,१०,३५०.३९** | **८८.७३** |

## ३.२ बजेट उपशीर्षक अनुसार बजेट तथा खर्चको अवस्था

संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त बजेट तथा कार्यक्रमतर्फ बजेट उपशीर्षक अनुसार क्रियाकलापगत रूपमा वार्षिक बजेट र खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | क्रियाकलाप कोड | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
|  | **खेलकुद विकास कार्यक्रम (३४३००१०२)** |  |  |  |  |  |  |
| १. | ६.२.२.११३ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता |  |  | १,००,०००.०० | १,००,०००.०० | १००.०० |
|  | **सबैका लागि शिक्षा-आधारभूत तह (३५००००१४)** |  |  |  |  |  |  |
| २. | १.१.३.३ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान |  |  | ९,६४,००,०००.० | ८,६७,७५,१७५.५८ | ९०.०० |
|  | **माध्यमिक तह (३५००००१५)** |  |  |  |  |  |  |
| ३. | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (प्राविधिक धारका प्रशिक्षक समेत) |  |  | २,२८,००,०००.० | २,२८,००,०००.०० | १००.०० |
|  | **विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्लास्तर (३५०००८०१)** |  |  |  |  |  |  |
| ४. | १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान |  |  | ८९,२३,०००.०० | ८९,२३,०००.०० | १००.०० |
| ५. | २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान |  |  | ५७,३२,०००.०० | ५१,२७,६८१.०० | ८९.४६ |
| ६. | २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान |  |  | १,६८,४९,०००.० | १,०२,५१,०००.०० | ६०.८४ |
| ७. | २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान |  |  | १९,७२,०००.०० | १९,७२,०००.०० | १००.०० |
| ८. | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) |  |  | ११,००,०००.०० | ९,३५,३००.०० | ८५.०३ |
| ९. | २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |  |  | २२,११,०००.०० | २१,४१,०००.०० | ९६.८३ |
| १०. | २.७.१३.३ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान |  |  | ४२,५४,०००.०० | ३९,९६,६००.०० | ९३.९५ |

| क्र. सं. | क्रियाकलाप कोड | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ११. | २.७.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | | | २३,१४,०००.०० | १८,७४,८००.०० | ८१.०२ |
| १२. | २.७.१३.४१ | आधारभूत तह (कक्षा ६-८) अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | | | २७,०७,०००.०० | २३,६८,८००.०० | ८७.०५१ |
| १३. | २.७.१३.४० | माध्यमिक तह (कक्षा ९-१०) अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | | | २५,९१,०००.०० | १२,९५,६४०.०० | ५०.०१ |
| १४. | २.७.२५.६२ | कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | | | ५,००,०००.०० | ४,९९,४६०.०० | ९९.८९ |
| १५. | २.७.१३.२१ | सामुदायिक विद्यालयका छात्राहरूलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन अनुदान | | | २१,२२,०००.०० | ९,९९,८९४.०० | ४७.१२ |
| १६. | ११.१.२.४४ ५ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान (पुँजीगत) | | | १८,००,०००.०० | १८,००,०००.०० | १००.०० |
| | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (३५०००१०९)** | | | | | | |
| १७. | ११.१.२.१ ३४० | विद्यालय कक्षाकोठा निर्माण अनुदान (४ कोठे भवन) | | | ७२,००,०००.०० | ७२,००,०००.०० | १००.०० |
| १८. | ११.१.२.१ ३४२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे भवन) | | | १८,००,०००.०० | १८,००,०००.०० | १००.०० |
| १९. | ११.३.२०. १ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | | | ६,५०,०००.०० | ६,५०,०००.०० | १००.०० |
| | | **कुल जम्मा** | | | **१८,२०,७५,०००** | **१६,१५,१०,३५०.३९** | **८८.७३** |

त्यसैगरी सुरुङ्गा नगरपालिकाको सातौं नगर सभाबाट आन्तरिक स्रोततर्फ विनियोजित बजेट तथा कार्यक्रमतर्फ वार्षिक बजेट र खर्चको अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूका लागि मासिक थप भत्ता (चाडपर्व समेत) | ७,६६४,००० | ७,६००,०००.०० | ९९.१६ |
| २. | स्वयंसेवक शिक्षक व्यवस्थापन | ३,९००,००० | ३,२९०,५२४.०५ | ८४.३७ |
| ३. | शाखा कार्यालय तथा अभिलेख व्यवस्थापनको लागि सामग्री खरिद | ११२,००० | ९५,६७०.०० | ८५.४२ |
| ४. | शाखामा पुस्तकालय व्यवस्थापनको लागि फर्निचर तथा पुस्तक खरिद | १२५,००० | १२४,०००.०० | ९९.२० |
| ५. | विद्यालयहरूको सूचना प्रणाली तथा लेखा प्रणाली सुदृढीकरणको लागि सफ्टवेयर खरिद | ७००,००० | ४८५,९००.०० | ६९.४१ |

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ६. | आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन | ७,००,००० | ६,९९,८००.०० | ९९.९७ |
| ७. | कक्षा ६, ७ र ९ को वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण, छपाइ तथा वितरण | ५,००,००० | ४,१७,२००.०० | ८३.४४ |
| ८. | कम्प्युटर विषय शिक्षण गर्ने शिक्षकहरूको लागि कम्प्युटर तालिम (५ दिने) | २,५०,००० | २,५०,०००.०० | १००.०० |
| ९. | नगर शिक्षा नियमावली तथा कार्यविधि निर्माण कार्यक्रम | १,००,००० | ०.०० | ०.०० |
| १०. | नगरस्तरीय विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन | ६,००,००० | ५,९९,९००.०० | ९९.९८ |
| ११. | राष्ट्रिय शिक्षा दिवस, बाल दिवस तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | ३,६०,००० | ३,३३,९००.०० | ९२.७५ |
| १२. | विद्यालय तथ्याङ्क संकलन, प्रशोधन र प्रतिवेदन (School-based IEMIS Software व्यवस्थापन समेत) | २,५०,००० | २,५०,०००.०० | १००.०० |
| १३. | विद्यालय तथा कार्यक्रम अनुगमन, सुपरिवेक्षण र अन्तर्क्रिया कार्यक्रम | १,६०,००० | १,५८,४००.०० | ९९.०० |
| १४. | विषयगत विज्ञ शिक्षक समूहद्वारा शिक्षकहरूका लागि पेशागत सहयोग कार्यक्रम | १,५०,००० | ९८,२००.०० | ६५.४७ |
| १५. | शिक्षा, युवा तथा खेलकुद सम्बन्धी (विभिन्न समितिको बैठक) तथा नगरस्तरीय प्र.अ. बैठक सञ्चालन | २,००,००० | ११६,२००.०० | ५८.१० |
| १६. | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण र वितरण | ३,००,००० | ०.०० | ०.०० |
| १७. | शैक्षिक क्यालेण्डर छपाइ र वितरण | १,५०,००० | १,४९,९००.०० | ९९.९३ |
| १८. | शिक्षक डायरी तयारी, छपाइ र वितरण | १,००,००० | ९८,३१०.०० | ९८.३१ |
| १९. | साक्षरता अभियान सञ्चालन र साक्षर नगर घोषणा कार्यक्रम | ३,००,००० | ३,००,०००.०० | १००.०० |
| २०. | नगरस्तरीय फूटबल, भलिबल, क्रिकेट र ब्याडमिन्टन प्रतियोगिताको लागि नगरपालिकाको तर्फबाट हुने प्रायोजन | ५,५०,००० | ५,४७,१९५.०० | ९९.४९ |
| २१. | आधारभूत विद्यालयहरूका लागि कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर खरिद तथा वितरण | १०,००,००० | ९,७०,९६५.०० | ९७.१० |
| २२. | प्रारम्भिक बालविकास केन्द्रहरूका लागि टेलिभिजन र अन्तरक्रियात्मक डिजिटल सिकाइ सामग्री खरिद तथा वितरण | ५,००,००० | ४,९७,२००.०० | ९९.४४ |
| २३. | शिक्षकहरूका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी ३ दिने तालिम | २,५०,००० | २,४९,९००.०० | ९९.९६ |
| २४. | बाल शान्ति अभियान कार्यक्रम (शिक्षक, विद्यार्थी, अभिभावक/सरोकारवाला र नगरपालिकाबीच अन्तर्क्रियासहितको वृत्तचित्र प्रसारण) | १,००,००० | ९९,४४०.०० | ९९.४४ |
| २५. | अभिभावक सचेतना (शिक्षा) कार्यक्रम | २,००,००० | २,००,०००.०० | १००.०० |
| २६. | विपन्न दलित समुदायका स्नातक उत्तीर्ण छात्राहरूका लागि प्रोत्साहन रकम वितरण कार्यक्रम | १,००,००० | ०.०० | ०.०० |
| २७. | शैक्षिक सामग्री निर्माण र प्रयोगसम्बन्धी ५ दिने कार्यशाला | २,००,००० | १,९९,८००.०० | ९९.९० |
| २८. | बालविकास सम्बन्धी बालमैत्री सूचक कार्यान्वयनको लागि | ३,७९,००० | ३,३९,२५७.०० | ८९.५१ |

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २९. | युवा तथा खेलकुद विकास योजना निर्माण | १,००,००० | ०.०० | ०.०० |
| | **जम्मा** | २,००,००,००० | १,८१,७१,६६१.०५ | ९०.८६ |

सशर्त अनुदानतर्फ धेरैजसो अनुदान विद्यालयको खातामा प्रवाह हुने भएकोले लक्ष्यनजिक खर्च भएको देखिन्छ भने आन्तरिक स्रोततर्फ विनियोजित बजेट तथा कार्यक्रम विशेषगरी क्रियाकलापकेन्द्रित भएकाले लक्ष्यको करिब ९० प्रतिशत भन्दा बढी खर्च भएको छ। कोरोना भाइरसको विभिन्न परिवर्तित लहरका कारण शिक्षा तथा खेलकुद क्षेत्रका कार्यक्रमहरू प्रभावित भएको अवस्थामा समेत लक्ष्यनजिक खर्च भएको छ।

### ३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती

LMBIS मा आधारित लेखा प्रणाली र सूत्रमा आधारित भुक्तानी एवम् निकासा प्रणाली अवलम्बन गर्दा अनियमितता, चुहावट नियन्त्रण हुनुका साथै एकीकृत लेखा पद्धति विकास भएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा निर्धारित समयसीमाभित्र अख्तियारी, निकासा फुकुवा र बजेट तथा कार्यक्रम प्राप्त नभई ढीलो गरी प्राप्त हुने गरेकाले समयमै कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ हुने गरेको छ । अनलाइन प्रविधिमा देखापर्ने प्राविधिक कठिनाइका कारण पनि कार्यक्रम कार्यान्वयनमा समस्या देखापरिरहेको देखिन्छ। विगत वर्षहरूमा चौमासिक निकासा दिने प्रद्धतिमा यस वर्षको कार्यक्रम कार्यान्वयन पुस्तिकाले त्रैमासिक निकासा दिने मार्गदर्शन गरेको र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट त्रैमासिक निकासा फुकुवा हुने पद्धतिबीच मेल देखिएको छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको बजेट विनियोजन समयमै हुने गरे पनि लेखा पद्धतिको आन्तरिक व्यवस्थामा समय लाग्ने गरेको कारण बजेट कार्यान्वयन र खर्चमा समस्या आइपर्ने गरेको छ । एकाइ लागतका आधारमा न्यून बजेट र कुनै शीर्षकमा नपुग तर केही शीर्षकमा बढी बजेट विनियोजनका कारणले पनि कार्यक्रम कार्यान्वयन र खर्चमा समस्या देखिने गर्दछ।

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता कमजोर हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट एवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको छ।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न कठिनाइ महशुस गरिएको छ।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन सकेको छैन।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या पर्ने गरेको छ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव परेकाले समुदायमा विभाजित मानसिकताले घर गरेको देखिन्छ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न सकेको छैन।

- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर अपेक्षा गरेअनुरूप अझै घटेको छैन।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहेको देखिन्छ।
- विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न सकिएको छैन।
- सामाजिक, आर्थिक र जातीय विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन सकेको छैन।
- गुणस्तरीयताको अवस्था अझै पनि कमजोर रहेको छ। विस्तारै क्रमिकरूपमा शिक्षाको गुणस्तरमा सुधार भए तापनि शैक्षिक सुधारका लागि गुणस्तर शब्दलाई स्पष्टरूपमा परिभाषित गर्न सकिएको छैन।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सान्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन सकिएको छैन।
- अझै पनि ठूलो जनसङ्ख्या निरक्षर रहनुले तिनीहरूलाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न सकिएको छैन।
- सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा वृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न आवश्यक छ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता र अपनत्व वृद्धि हुन सकेको छैन।

विद्यालय शिक्षाका लागि प्राप्त सशर्त अनुदानका बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :-

| क्र.सं. | आयोजना/ कार्यक्रम | क्रियाकलापहरू | समस्या तथा चुनौतीहरू |
|---|---|---|---|
| १. | खेलकुद विकास कार्यक्रम (३४३००१०२) | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | • खेलका इभेन्ट र लक्षित विद्यार्थी सहभागिताका आधारमा बजेट अत्यन्तै न्यून भएकोले कार्यक्रम सञ्चालनको लागि समस्या आइपर्ने गरेको छ। |
| २. | सबैका लागि शिक्षा-आधारभूत तह (३५००००१४) | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | • हालसम्म पनि शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ताहरूको अभिलेख प्राप्त हुननसकेकोले विवरण यकिन गर्न समस्या परेको छद्।<br>• विगतमा चौमासिक तलब भत्ता निकासाको परम्परा हाल आएर त्रैमासिक हुने गरे पनि अझै पनि मासिक तलब भत्ता निकासाको प्रणाली विकास गर्न सकिएको छैन। |
| ३. | माध्यमिक तह (३५००००१५) | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (प्राविधिक धारका प्रशिक्षक समेत) | • हालसम्म पनि शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ताहरूको अभिलेख प्राप्त हुननसकेकोले विवरण यकिन गर्न समस्या परिरहेको छ।<br>• विगतमा चौमासिक तलब भत्ता निकासाको परम्परा हाल आएर त्रैमासिक हुने गरे पनि अझै पनि मासिक तलब भत्ता निकासाको प्रणाली विकास गर्न सकिएको छैन। |
| ४. | विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्लास्तर (३५०००८०१) | १. प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | • प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक न्यून भएकाले पूर्णकालीन समय कार्यान्वयनमा समस्या देखिएको छ।<br>• संस्थागत क्षमता विकास हुन सकेको छैन।<br>• प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि क्षमता विकासको अवसर कम रहेको छ। |

| क्र.सं. | आयोजना/ कार्यक्रम | क्रियाकलापहरू | समस्या तथा चुनौतीहरू |
|---|---|---|---|
| | | | • बालमैत्री विद्यालयको अवधारणा अनुरूप शैक्षिक र खेल सामग्रीहरूको यथोचित प्रबन्ध गर्न सकिएको छैन । |
| | | २. विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | • भौतिक पूर्वाधार विकासका लागि प्राप्त कोटा र अनुदान पर्याप्त छैन ।<br>• प्राविधिक कर्मचारीहरूको अभाव रहेको छ ।<br>• स्थानीय दररेट अनुसार बजेट अत्यन्तै न्यून रहेको देखिन्छ ।<br>• पुरानै एकाइ लागतमा बजेट तथा कार्यक्रम प्राप्त हुने गरेकोले निर्माण कार्य सकसपूर्ण बनेको छ ।<br>• जनसहभागिता जुटाउन कठिन हुने गरेको छ भने लागत सहभागिताको लागि विद्यालयहरूसंग आन्तरिक स्रोतको कमी छ । |
| | | ३. सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान | • अघिल्लो शैक्षिक सत्रको विद्यार्थी संख्याका आधारमा नि:शुल्क पाठ्यपुस्तक अनुदान निकासा नमिल्दो हुने गरेकोले अपर्याप्त छ ।<br>• एकै आर्थिक वर्षमा दुईपटक निकासा दिनुपर्ने व्यवस्थाले कार्यबोझ बढाएको छ ।<br>• यथार्थ विद्यार्थी तथ्याङ्क यकिन गर्न सजिलो छैन ।<br>• पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन हुँदा पाठ्यपुस्तकको मूल्य सूची मिलाउन कठिन भएको छ । |
| | | ४. तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | • दिवा खाजाका लागि एकाइ लागत कम रहेको छ ।<br>• पूर्ण रूपमा मापदण्ड अनुसारको खाजा व्यवस्थापन गर्न कठीन छ ।<br>• खाजा तयारीका लागि सामग्री र जनशक्ति अभाव रहेको छ ।<br>• कक्षा शिक्षणमा लगाउनुपर्ने समय दिवा खाजा व्यवस्थापनमा लाग्ने गरेको छ । |
| | | ५. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | • वार्षिक रूपमा विद्यालय सञ्चालनको लागि अनुदानको एकाइ लागत कम देखिन्छ<br>• विद्यालय सञ्चालन र व्यवस्थापनको कार्यलाई प्रविधिमा आधारित गराउन अनुदान नपुग हुने देखिन्छ । |
| | | ६. शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | • निरक्षरको सङ्ख्या बढी भएको तर बजेट कम विनियोजन भएको देखिन्छ ।<br>• अपर्याप्त बजेटका कारण घरधूरी सर्वेक्षणको अभावले निरक्षरहरूको यकिन गर्न कठीन रहेको छ ।<br>• सामुदायिक सिकाइ केन्द्रहरू निष्कृय रहेको र नयाँ केन्द्र स्थापनाको लागि कानुनी व्यवस्था अस्पष्ट देखिन्छ । |
| | | ७. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | • लक्षित विद्यालय संख्याको आधारमा कोटा न्यून देखिन्छ ।<br>• भौतिक परिमाण कम भएकाले लक्ष्य पूरा गर्न धेरै समय लाग्ने देखिन्छ । |
| | | ८. प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन एवम् | • पुरानै दर कायम भएकोले प्रति विद्यार्थी एकाइ लागत न्यून रहेको छ । |

| क्र.सं. | आयोजना/ कार्यक्रम | क्रियाकलापहरू | समस्या तथा चुनौतीहरू |
|---|---|---|---|
| | | नगरस्तरीय कक्षा ८ को परीक्षा सञ्चालन अनुदान | • कक्षा ८ को परीक्षा सञ्चालनको लागि बजेट न्यून रहेकोले आन्तरिक स्रोतमा भार थपिएको छ।<br>• विद्यालयहरूमा शिक्षण सिकाइ सामग्री व्यवस्था नियमित रूपमा हुनसकेको छैन। |
| | | ९. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | • विगत १५ वर्षदेखि समान दर कायम रहिरहेकोले छात्रवृत्ति रकम दर न्यून रहेको छ।<br>• छात्रवृत्तिलाई विद्यार्थी हाजिरी प्रतिशतसँग जोड्न सकिएको छैन।<br>• छात्रवृत्ति रकम दुरूपयोग हुने गरेको सुनिन्छ। |
| | | १०. अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | • शिक्षक दरबन्दी शून्य रहेका विद्यालयहरूका लागि यो निर्धारित शिक्षकको परिमाण न्यून देखिन्छ।<br>• अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको अभाव रहेको छ।<br>• रकम न्यून भएकाले दक्ष शिक्षक व्यवस्था गर्न सकिएको छैन। |
| | | ११. कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | • नयाँ कार्यक्रम भएकाले कार्यान्वयनमा द्विविधा रहेको छ।<br>• सूचना प्रविधिमा आधारित सामग्रीहरूको अभाव छ।<br>• अभिभावक सचेतनाको कमी छ।<br>• कोभिड-१९ को लहरका बखत विद्यालय सञ्चालन गरी विद्यार्थी सिकाइ सहजीकरणमा समस्या देखिएको छ। |
| | | १२. सामुदायिक विद्यालयका छात्राहरूलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन अनुदान | • विद्यालयमा नि:शुल्क स्यानिटरी प्याड वितरण, अभिलेखीकरण सम्बन्धी जिम्मेवारी निर्वाहमा कठिनाइ देखिन्छ।<br>• महिनावारी भएका छात्राहरूको सङ्ख्या यकिन गर्न गार्हो परेको छ। |
| ५. | | १. विद्यालय कक्षाकोठा निर्माण अनुदान (४ कोठे भवन) | • भौतिक पूर्वाधारतर्फ एकाइ लागत पुरानै भएकाले कार्य सम्पन्न गर्न कठिन छ।<br>• विद्यालयको आफ्नै स्रोत नभएकाले लागत जनसहभागिताको रकम व्यहोर्न कठिन छ।<br>• प्राविधिक कर्मचारी कम भएकाले कार्यबोझ बढी हुने गरेको छ।<br>• नयाँ कार्यक्रम भएकाले कार्यान्वयनमा द्विविधा देखिएको छ। |
| | | २. विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे भवन) | |
| | | ३. विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | |

### ३.४ कार्यक्रम कार्यान्वयनका सुधारका उपाय

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम र नगरपालिकाबाट आन्तरिक स्रोततर्फ विनियोजित कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न खालका समस्या र चुनौती देखापर्नुका साथै कोभिड-१९ को महामारीका कारण पर्याप्त समयको जोहो हुनसकेन। शैक्षिक क्यालेण्डर अनुसार विद्यालय सञ्चालन हुन नपाउँदा विद्यालय लक्षित कार्यक्रमहरू बढी प्रभावित हुनपुगे। विद्यालयमा अध्ययनरत विद्यार्थीको सहभागितामा सञ्चालन हुनुपर्ने कतिपय कार्यक्रमहरू स्वास्थ्य सुरक्षा जोखिमका कारण प्रभावित भए। तथापि सम्भावित स्वास्थ्य सुरक्षा जोखिमलाई मध्यनजर गरी आगामी दिनमा कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ। कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको निराकरण गरी कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न निम्नानुसारका उपायहरू अपनाउन आवश्यक छ :

- प्रारम्भिक बालविकास कक्षामा सबै बालबालिकाको पहुँच विस्तार गरिनुपर्ने,
- सँस्थागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने,
- बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूको पारिश्रमिक वृद्धि गरी प्राथमिक शिक्षक सरह बनाउनुपर्ने,
- प्रारम्भिक बालविकास कक्षा व्यवस्थापन बालमैत्री बनाउन यथोचित शैक्षिक सामग्रीहरू उपलब्ध गराइनुपर्ने,
- बालविकास शिक्षकहरूलाई निरन्तर क्षमता विकासका क्रियाकलापहरूमा सरिक गराउनुपर्ने,
- बालविकास शिक्षकहरूलाई सामयिक रूपमा अन्तर्क्रिया, छलफलमा सहभागी गराउनुपर्ने,
- भौगोलिक क्षेत्र र कालक्रम अनुसार बढ्ने बजार मूल्यअनुरूप कार्यक्रमको लागतमा विविधता कायम गर्न र सुधार गरिनुपर्ने,
- विद्यालयहरूको आवश्यकताका आधारमा पर्याप्त मात्रामा भौतिक पूर्वाधार निर्माण कोटा छुट्याइनुपर्ने,
- भौतिक सुविधा विस्तार कार्यक्रमलाई समयमा नै सुचारू गर्न प्राविधिकहरूको स्थायी पदपूर्ति गरिनुपर्ने,
- भौतिक पूर्वाधार निर्माण कार्यक्रमको लागत वृद्धि गरिनुपर्ने,
- विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम वितरण प्रणालीमा राजनैतिक हस्तक्षेपलाई निरुत्साहित गरिनुपर्ने,
- निरक्षरहरूलाई साक्षरता कक्षामा आकर्षण बढाउनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने,
- निरक्षरता न्यूनीकरणका लागि समुदायिक र गैरसरकारी संघसंस्थाहरूको सक्रियता बढाइनुपर्ने,
- सामुदायिक सिकाइ केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा जोढ दिइनुपर्ने,
- स्थापित सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरू संचालन गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालनमा सामुदायिक सिकाइ केन्द्रलाई पूर्ण जिम्मेवार बनाउनुपर्ने,
- विद्यार्थीको शैक्षिक उपलब्धिसँग शिक्षकको वृत्ति विकास र सुविधालाई आवद्ध गरी शिक्षकलाई थप जिम्मेवार बनाइनुपर्ने,
- क्षमतावान र योग्य प्रधानाध्यापकको व्यवस्था गरी छुट्टै पद सिर्जना गरिनुपर्ने,
- अभिभावक शिक्षा कार्यक्रम संचालन गरी चेतना स्तर वृद्धि गरिनुपर्ने,
- निरीक्षण र अनुगमन प्रणालीलाई नियमित, सशक्त र प्रभावकारी बनाइनुपर्ने,
- शिक्षकको सेवा, सुविधामा एकरूपता गरी पर्याप्त हुनुपर्ने,
- विद्यालय सुधार योजनाले गुणस्तर वृद्धिको योजनालाई जोड दिनुपर्ने,
- शिक्षकको पेशागत विकास कार्यक्रमलाई शिक्षकको वृत्ति विकासमा आवद्ध गरेर यसप्रति शिक्षकहरूको आकर्षण वृद्धि गरिनुपर्ने,
- शिक्षकको पेशागत विकास कार्यक्रममा संलग्न व्यक्तिहरूको निरन्तर क्षमता विकासको कार्यक्रम संचालन गरिनुपर्ने,
- सैद्धान्तिक अवधारणा अनुसार मागमा आधारित तालिम संचालन गरिनुपर्ने र निरन्तर अनुगमन, पृष्ठपोषण दिइनुपर्ने,
- शिक्षण पेशामा क्षमतावान जनशक्तिलाई आकर्षण गरिनुपर्ने,
- शैक्षिक क्षेत्रलाई राजनीतिबाट मुक्त राखिनुपर्ने,
- क्षमता अभिवृद्धिका कार्यक्रमहरू सबैलाई समेट्ने गरी सञ्चालन गरिनुपर्ने,
- अनुगमन तथा सुपरीवेक्षणमा खटिने कर्मचारीहरूको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गरिनुपर्ने र दरबन्दी अनुसारको कर्मचारीको व्यवस्था हुनुपर्ने,
- सामूहिक अनुगमन प्रणालीलाई व्यवहारिक रूपमा अवलम्बन गरिनुपर्ने,
- स्वमूल्याङ्कन एवम् सूचकमा आधारित अनुगमन प्रणालीको विकास गरिनुपर्ने,
- पर्याप्त स्रोत, साधनको व्यवस्थापन गरिनुपर्ने,
- सहयोगलाई वर्ग अनुसार विविधीकरण गरी वितरण गर्नु उपयुक्त हुने,
- विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी स्पष्ट मापदण्ड बनाईनुपर्ने,
- विद्यालय कर्मचारीको पारिश्रमिकमा वृद्धि गरिनुपर्ने,
- विद्यालयमा उपलब्ध गराउने अनुदानमा वृद्धि गरिनुपर्ने र उपलब्ध अनुदानको सही सदुपयोग हुने व्यवस्थाको सुनिश्चितता गरिनुपर्ने,

- अनुगमन तथा निरीक्षण प्रणालीमा भएको अस्पष्टता अन्त्य गरी सुपरीवेक्षण प्रणालीलाई सबल र सुदृढ बनाउनुपर्ने,
- कार्यक्रम सहज कार्यान्वयनको लागि नीतिगत तथा कार्यान्वयन तहमा अवधारणात्मक स्पष्टता हुनुपर्ने,
- कार्यक्रमको बारेमा सबै तहमा यथेष्ट अभिमुखीकरण कार्यक्रम संचालन गरिनुपर्ने,
- लागत साझेदारीलाई बढाउने तर्फ ध्यान दिइनुपर्ने,
- सबै तह, वर्ग र क्षेत्रलाई समेट्न गरी कार्यक्रम विस्तार गरिनुपर्ने ।

## परिच्छेद - ४
## उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण

### ४.१ सशर्त अनुदानबाट सम्पादित कार्यक्रमहरू

अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत नेपाल सरकारबाट स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान प्राप्त हुने गरेको छ । आर्थिक वर्ष २०७८/७९ को लागि शिक्षातर्फ संघीय सरकारबाट सशर्त अनुदान मात्र प्राप्त भएको थियो । खेलकुद विकास कार्यक्रमतर्फ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न सशर्त बजेट तथा कार्यक्रम प्राप्त भएको थियो । सबैका लागि शिक्षा-आधारभूत तहमा कार्यरत शिक्षक तलब भत्ता अनुदान र माध्यमिक तहका शिक्षक तलब भत्ता अनुदान गरी तलब भत्ता शीर्षकमा २ ओटा कार्यक्रम प्राप्त हुनुका साथै विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फ १३ ओटा क्रियाकलापहरूमा विद्यालयहरूलाई अनुदान निकासाको लागि सशर्त बजेट प्राप्त भएको थियो । ढीलै भएपनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फ २ ओटा माध्यमिक विद्यालयलाई ४ कोठे भवन निर्माण अनुदान, १ ओटा माध्यमिक विद्यालयलाई २ कोठे भवन निर्माण अनुदान र १ ओटा माध्यमिक विद्यालयलाई IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान प्राप्त भएको थियो । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ मा उल्लिखित मार्गदर्शनका आधारमा प्राप्त बजेट तथा कार्यक्रमहरू सञ्चालन भएका छन् । प्रथम र दोस्रो त्रैमासिक अवधिमा शिक्षक तलब भत्ता र प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको पारिश्रमिक शीर्षकहरूमा मात्र खर्च भएको छ । कार्यक्रमगत अख्तियारी र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा फुकुवा ढीलो गरी प्राप्त हुने गरेकोले समयमै कार्यक्रम सञ्चालन गर्न नसकिएको हो ।

सातौँ नगर सभाबाट आन्तरिक स्रोततर्फ शिक्षा र खेलकुद कार्यक्रमतर्फ २९ ओटा क्रियाकलापहरू सञ्चालन गर्न रू. २ करोड विनियोजन भएको थियो । कोभिड-१९ को महामारीका कारण केही कार्यक्रमहरू सञ्चालन हुननसके पनि अधिकांश कार्यक्रम सञ्चालन भई विनियोजित बजेटको करिब ९० प्रतिशतभन्दा बढी खर्च भएको छ । विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति यी कार्यक्रमहरूले सहयोग पुगेको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा यस नगरपालिकाले प्राप्त गरेको सशर्त अनुदान तथा आन्तरिक स्रोतबाट भए गरेका काम तथा प्रगतिले संघीयता र विकेन्द्रीकरणलाई टेवा पुर्याएको छ । मूलत: नगर क्षेत्रभित्रका सामूदायिक तथा संस्थागत विद्यालयहरूको नियमन तथा व्यवस्थापनार्थ नगर शिक्षा ऐन सफलता पूर्वक नगर सभाबाट स्वीकृत भई कार्यन्वयनमा ल्याइएको छ । त्यस्तै नगरक्षेत्र भित्रका शैक्षिक तथ्याङ्कलाई चुस्त दुरुस्त राख्दै fact based बनाउन शैक्षिक तथ्याङ्क व्यवस्थापन तथा शैक्षिक वृत्तचित्र निर्माण, शैक्षिक परिदृश्य प्रकाशनका अलावा यस वर्षमा भएगरेका क्रियाकलापहरूको प्रगति विवरणलाई बुँदागत रूपमा तपसिलमा उल्लेख गर्न सकिन्छ ।

### क) शिक्षक दरबन्दी मिलानको प्रगति अवस्था

१. माननीय मन्त्रीस्तरको मिति २०७६/१०/१० को निर्णयानुसार शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत भएको ।

२. शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको च.नं. १५८, मिति २०७६/१०/२१ को पत्रबाट नेपालका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी पुनर्वितरण सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६/१०/१० को निर्णय कार्यान्वयन गर्न स्थानीय तहहरूलाई सहजीकरण गर्न ७७ वटै शिक्षा विकास तथा समन्वय इकाईहरूलाई पत्राचार भएको र त्यस पत्रबाटै उक्त केन्द्रको वेबसाइटमा स्थानीय तहगत शिक्षक दरबन्दी पुन: वितरण सम्बन्धी तालिका, २०७६ प्रकाशन भएको ।

३. शिक्षक पुन: वितरण सम्बन्धी तालिका, २०७६ अनुसार सुरुङ्गा नगरपालिका सप्तरीको मौजुदा दरबन्दी, आवश्यक दरबन्दी र पुलमा रहने दरबन्दी सङ्ख्या निम्नानुसार देखाइएको :

| मौजुदा दरबन्दी सङ्ख्या | | | | | | | आवश्यक दरबन्दी सङ्ख्या | | | | पुलमा रहने दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक | | निम्नमाध्यमिक | | माध्यमिक (९-१०) | | माध्यमिक ११-१२ | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक (९-१०) | माध्यमिक ११-१२ | |
| दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | | | | | | प्राथमिक |
| ९९ | ३३ | २१ | २४ | १९ | ७ | ४ | १२६ | ७७ | ५५ | ९ | ६ |

४. सुरुङ्गा नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०६/०७ को निर्णयानुसार सुरुङ्गा नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा मौजुदा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नको लागि सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा देहायबमोजिम सदस्य रहने गरी ५ सदस्यीय शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति गठन भएको :

क) सामाजिक विकास समिति संयोजक/वडाध्यक्ष श्री देवेन्द्रप्रसाद चौधरी .................... संयोजक
ख) विपद् व्यवस्थापन समिति संयोजक/वडाध्यक्ष श्री ईन्द्रदेव चौधरी............................. सदस्य
ग) सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक/वडाध्यक्ष श्री रुद्रबहादुर कार्की ... सदस्य
घ) कार्यपालिका सदस्य श्री शान्तिदेवी मण्डल ....................................................... सदस्य
ङ) शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा श्री हिरालाल राना ................. सदस्य-सचिव

५. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिले मिति २०७७/०६/१७, २०७७/०६/१९ र २०७७/०८/१२ गते बैठक बसी कक्षा घटुवा, समायोजन, दरबन्दी मिलान, पुल दरबन्दी समायोजन र कुल दरबन्दी कायम गरिएको ।

६. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिको मिति २०७७/०८/१२ को निर्णयबाट २०७५ र २०७६ को School IEMIS Report का आधारमा :

- न्यून विद्यार्थी सङ्ख्या र भौगोलिक दूरीको निकटताका आधारमा ५ ओटा सामुदायिक विद्यालयहरूको कक्षा घटुवा गरी अर्को विद्यालयमा समायोजन गरिएको,
- शिक्षक विद्यार्थी अनुपात कम भएका ४ ओटा विद्यालयबाट ५ ओटा प्राथमिक शिक्षक दरबन्दी कट्टा गरी सोही विद्यालयको निम्नमाध्यमिक तहमा समायोजन गरिएको,
- प्राथमिक शिक्षक दरबन्दी बढी भएका २ ओटा विद्यालयबाट ४ ओटा प्राथमिक शिक्षक दरबन्दी कट्टा गरी १ ओटा दरबन्दी अर्को विद्यालयको निम्नमाध्यमिक तहमा समायोजन र ३ ओटा शिक्षक दरबन्दी अर्को विद्यालयमा प्राथमिक तहमा थप गरिएको,

सुरुङ्गा नगरपालिकाको मौजुदा शिक्षक दरबन्दीमा शिक्षक पुन: वितरण सम्बन्धी तालिका, २०७६ अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आवश्यक भनी थप हुन आएमा न्यूनतम दरबन्दी/राहत कोटा नपुग रहेका विद्यालयहरूलाई पहिलो प्राथमिकतामा राखी वितरण गर्ने र बाँकी रहने दरबन्दी/राहत न्यूनतम दरबन्दी/राहत पुगेका तर शिक्षक-विद्यार्थी अनुपात बढी भएका विद्यालयहरूमा वितरण गर्दै जाने निर्णय भएको छ ।

**ख) गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (kits) अनुदान कार्यान्वयनको अवस्था**

सुरुङ्गा नगरपालिकामा यो शीर्षकमा अनुदान प्राप्त नभएको ।

**ग) उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान तथा तोकिएको सूचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based Grants) कार्यान्वयनको अवस्था**

यस शीर्षकबाट निम्न विद्यालयहरूलाई सिकाइ सुदृढीकरण र कार्यसम्पादनमा आधारित अनुदान निकासा गरियो । उक्त अनुदानबाट सिकाइ उपलब्धिमा सुधार ल्याउन र कार्यप्रति जागरूक हुन विद्यालय तथा शिक्षकहरूमा प्रोत्साहन बढेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अनुदान रकम रू. | शीर्षक |
|---|---|---|---|
| १. | राष्ट्रिय आ.वि. चहका, कोरैया, सुरुङ्गा-१ | २,००,०००।०० | सिकाइ सुदृढीकरण अनुदान |
| २. | जनता आ.वि. प्रमाणपुर, सुरुङ्गा-९ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| ३. | जनता राष्ट्रिय आ.वि. श्रीपुर जब्दी, सुरुङ्गा-६ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| ४. | राष्ट्रिय आ.वि. बाउन्ना, सुरुङ्गा-२ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| ५. | दलित जनता प्रा.वि. पोखरिया, सुरुङ्गा-७ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| ६. | जनता आ.वि. कमलपुर, सुरुङ्गा-२ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| ७. | राष्ट्रिय जनता आ.वि. बनिगामा, सुरुङ्गा-५ | ५०,०००।०० | कार्यसम्पादन अनुदान |
| | **जम्मा** | **५,००,०००।००** | |

### घ) शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयहरूलाई एकमुष्ट अनुदान कार्यान्वयनको अवस्था

शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत तहका विद्यालयहरूमध्ये कक्षा ६-८ का लागि शिक्षक दरबन्दी र शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयहरू ५ ओटा रहेका छन् । ती विद्यालयहरूमा यस शीर्षकबाट प्रवाह हुने अनुदान निकासा गर्न बजेट तथा कार्यक्रम प्राप्त भएन ।

### ङ) विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरू

शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विद्यालयसम्बन्धी सूचना प्रवाह, भैपरि व्यवस्थापन, समसामयिक विषयमा छलफलका लागि प्रत्येक महिनाको ६ गते नगरस्तरीय प्रअ बैठक सञ्चालन हुँदै आएको छ । प्रत्येक ३ महिनाको बैठकलाई सामूहिक अनुगमन/निरीक्षण पश्चात् घुम्ती बैठकको सिलसिला मिलाइएको छ । अनुगमन/निरीक्षणका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरू र तिनको समाधानका उपायहरूका सम्बन्धमा बैठकमा छलफल हुनुका साथै सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूबाट जवाफ दिनुपर्ने पद्धति अनुसरण गरिएको छ । त्यसैगरी अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्न नगर प्रमुखको संयोजकत्वमा विद्यालय अनुगमन संयन्त्र गठन गरी अनुगमनको कार्य अघि बढाइएको छ । विद्यालयमा सञ्चालन हुने गतिविधिलाई व्यवस्थित र नियमित तुल्याउन प्रत्येक वर्ष नगरस्तरीय शैक्षिक क्यालेण्डर निर्माण, वितरण, छलफल गरी कार्यान्वयन गर्ने कार्य भएको छ । वर्षे वा हिउँदे विदा, परीक्षा, अतिरिक्त क्रियाकलाप, विभिन्न खालका बैठक, दिवस, विद्यालय खुल्ने र बन्द हुने जस्ता गतिविधिहरू शैक्षिक क्यालेण्डरबाट निश्चय गरिएको छ ।

सामुदायिक विद्यालयहरूको समग्र व्यवस्थापकीय सुधारका लागि २०७४/१२/२८ गतेको समष्टिगत निर्देशन अनुसरण गर्न लगाई विद्यालयहरूको भौतिक, शैक्षिक, आर्थिक लगायत सम्पूर्ण गतिविधिमा सुधार गर्न आवश्यक क्रियाकलापहरू मार्गदर्शन गरिएको छ । विद्यालय व्यवस्थापन समिति एवम् अभिभावक शिक्षक संघका पदाधिकारीहरू र सरोकारवाला अभिभावकहरूको सहभागितामा क्षमता विकास कार्यक्रम र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । प्रत्येक वर्ष शीर्षकगत निकासा विवरण र खर्चसम्बन्धी निर्देशन उपलब्ध गराउने गरिएको छ । शिक्षक तलब भत्ता र पारिश्रमिक रकम बाहेक अन्य शीर्षकमा निकासा हुने रकमको खर्च विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम गर्न निर्देशन भई विद्यालयहरूले सोको अनुसरण गरेको देखिन्छ । नियमानुसार सामाजिक परीक्षण र लेखापरीक्षण हुने व्यवस्था मिलाइएको छ । प्रत्येक वर्ष भदौ मसान्तभित्र सामाजिक परीक्षण सम्पन्न गरिसकेपछि मात्र लेखापरीक्षण हुने व्यवस्था मिलाइएको छ ।

विद्यालय लेखापरीक्षण सम्बन्धी विगतको अभ्यास परिवर्तन गरी विद्यालयहरूको लेखापरीक्षणको लागि लेखापरीक्षकहरूबाट आसय पत्र आह्वान गरी नगरपालिकामा प्राप्त निवेदनका आधारमा समानुपातिक रूपमा लेखापरीक्षणको जिम्मेवारी प्रदान गरिएको छ । एक फर्मको नाममा अर्का व्यक्तिले लेखापरीक्षण गर्ने/गराउने पद्धतिमा सुधार गरिएको छ । लेखापरीक्षकको नियुक्ति पत्र लिन आउँदा परिचय पत्र सहित स्वयम् उपस्थित हुनुपर्ने व्यवस्था गरिनुका साथै

अनिवार्य रूपमा विद्यालयमा उपस्थित भई बिल/भर्पाइ लगायतका कागजात अध्ययन तथा विश्लेषण गरी कैफियत भए कैफियत सहितको सुधार गर्नुपर्ने बुँदाहरू लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य गरिएको छ ।

विद्यालयले वितरण गर्ने सुविधाहरू जस्तै: छात्रवृत्ति, पाठ्यपुस्तक आदि वितरण सम्बन्धी सूचना जारी गर्नुपर्ने र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् अभिभावकहरूको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाइएको छ । विद्यालयमा प्राप्त हुने महत्त्वपूर्ण सूचना/जानकारी शिक्षक/स्टाफ, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको संयुक्त बैठकमा पेश गर्ने व्यवस्था विद्यालयहरूले अनुसरण गरिरहेका छन् । वार्षिक आयव्यय तयार गर्ने, वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने, विभिन्न समिति, शिक्षक, कर्मचारीहरूको नामनामेसी टाँस गर्ने गरेका छन् ।

### च) प्रारम्भिक पढाइ सिप कार्यक्रम

सुरुङ्गा नगरपालिकाका ३१ ओटै सामुदायिक विद्यालयहरूमा प्रारम्भिक पढाइ सिप कार्यक्रम कार्यान्वयन भइरहेको छ । गत वर्ष झैँ यस आर्थिक वर्षमा पनि सबै विद्यालयका कक्षा १, २ र ३ का लागि प्रति कक्षा रू. ३,०००।०० का दरले प्रति विद्यालय रू. ९,०००।०० प्रारम्भिक पढाइ सिप कार्यक्रमको न्यूनतम प्याकेज कार्यान्वयनका लागि अनुदान निकासा गरिएको छ । प्रत्येक विद्यालयमा प्रारम्भिक पढाइ सिप कार्यक्रम सम्बन्धी सामग्रीहरू ; पाठ्यपुस्तक, अभ्यास पुस्तिका, चार्ट, आदिको उपयोग भइरहेको छ । नगरपालिकाका तर्फबाट समयसमयमा हुने अनुगमनका क्रममा प्रारम्भिक पढाइ सिप कार्यक्रम कार्यान्वयनको अवस्था जाँचबुझ गरिनुका साथै सामग्रीहरू अधिकतम उपयोगमा ल्याउन सुझाइएको छ । आर्थिक वर्ष २०७८/७९ मा यस कार्यक्रमबाट अनुदान निकासा गरिएका विद्यालयहरू निम्नानुसार रहेका छन् :-

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वार्ड नं. | सञ्चालित कक्षा | निकासा रकम रू. |
|---|---|---|---|---|
| १. | जनता आ.वि. नैनडावर | सुरुङ्गा-१ | १-८ | ९,०००।०० |
| २. | जनता मा.वि. शिशुवारी | सुरुङ्गा-१ | १-१२ | ९,०००।०० |
| ३. | जनता आ.वि. शिवनगर | सुरुङ्गा-१ | १-५ | ९,०००।०० |
| ४. | राष्ट्रिय आ.वि. चहका, कौरैया | सुरुङ्गा-१ | १-७ | ९,०००।०० |
| ५. | राष्ट्रिय जनता आ.वि. रक्साहा | सुरुङ्गा-२ | १-५ | ९,०००।०० |
| ६. | राष्ट्रिय प्रा.वि. बाउन्ना | सुरुङ्गा-२ | १-५ | ९,०००।०० |
| ७. | जनता आ. वि. कमलपुर | सुरुङ्गा-२ | १-८ | ९,०००।०० |
| ८. | जनता आ. वि. भेडिया | सुरुङ्गा-२ | १-९ | ९,०००।०० |
| ९. | जनमुखी सामुदायिक प्रा.वि. हर्दिया | सुरुङ्गा-२ | १-५ | ९,०००।०० |
| १०. | जनप्रभात मा.वि. दौलतपुर | सुरुङ्गा-३ | १-१२ | ९,०००।०० |
| ११. | राष्ट्रिय प्रा.वि. भुसी महुलिया | सुरुङ्गा-३ | १-५ | ९,०००।०० |
| १२. | राष्ट्रिय प्रा.वि. लक्ष्मीपुर, कनकपुर | सुरुङ्गा-४ | १-५ | ९,०००।०० |
| १३. | आदर्श राष्ट्रिय प्रा.वि. मधुपट्टी | सुरुङ्गा-४ | १-३ | ९,०००।०० |
| १४. | जनता आ.वि. वीरनगर | सुरुङ्गा-४ | १-८ | ९,०००।०० |
| १५. | राष्ट्रिय प्रा.वि. कदमाहा | सुरुङ्गा-४ | १-५ | ९,०००।०० |
| १६. | मसीलाल जनता मा.वि. कुशहा | सुरुङ्गा-५ | १-१२ | ९,०००।०० |
| १७. | राष्ट्रिय जनता आ.वि. बनिगामा, कुशहा | सुरुङ्गा-५ | १-५ | ९,०००।०० |
| १८. | जनता राष्ट्रिय आ.वि. श्रीपुर जब्दी | सुरुङ्गा-६ | १-७ | ९,०००।०० |
| १९. | राष्ट्रिय प्रा.वि. चकदह, मोहनपुर | सुरुङ्गा-७ | १-५ | ९,०००।०० |
| २०. | दलित जनता प्रा.वि. पोखरिया, हरिपुर | सुरुङ्गा-७ | १-३ | ९,०००।०० |
| २१. | राष्ट्रिय प्रा.वि. हरिपुर | सुरुङ्गा-७ | १-५ | ९,०००।०० |
| २२. | राष्ट्रिय आ.वि. पोखरिया, बसानपट्टी | सुरुङ्गा-७ | १-७ | ९,०००।०० |
| २३. | राष्ट्रिय आ.वि. महुलिया, मलहनमा | सुरुङ्गा-८ | १-५ | ९,०००।०० |

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वार्ड नं. | सञ्चालित कक्षा | निकासा रकम रू. |
|---|---|---|---|---|
| २४. | आ.वि. मलहनमा | सुरुङ्गा-८ | १-८ | ९,०००।०० |
| २५. | मुसहरनियाँ आ.वि. समसेरपुर | सुरुङ्गा-८ | १-८ | ९,०००।०० |
| २६. | जनता आ.वि. प्रमाणपुर | सुरुङ्गा-९ | १-७ | ९,०००।०० |
| २७. | केशव स्मारक जनता मा.वि. टिकुलिया | सुरुङ्गा-९ | १-१२ | ९,०००।०० |
| २८. | जनता राष्ट्रिय प्रा.वि. सिस्वा थल्हा | सुरुङ्गा-१० | १-५ | ९,०००।०० |
| २९. | जनता राष्ट्रिय प्रा.वि. औरहा, महेशपुर | सुरुङ्गा-११ | १-५ | ९,०००।०० |
| ३०. | जनता मा.वि. खैजनपुर, भजक्का | सुरुङ्गा-११ | १-१० | ९,०००।०० |
| ३१. | जनता आ.वि. रामपुर | सुरुङ्गा-११ | १-५ | ९,०००।०० |
| | **जम्मा** | | | **२,७९,०००।००** |

**छ) अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**

शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालित विद्यालयहरूका लागि अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान प्राप्त भएको थियो। शिक्षक दरबन्दी र शिक्षक अनुदान प्राप्त नगरेका कक्षा ६-८ सञ्चालित विद्यालयहरू ५ ओटा र कक्षा ९-१० सञ्चालित विद्यालयहरू २ ओटा रहेका छन्। त्यसैगरी कक्षा ६-८ का लागि १ मात्र राहत अनुदान प्राप्त विद्यालय १ ओटा र २ मात्र दरबन्दी/राहत अनुदा प्राप्त विद्यालयहरू २ ओटा रहेका छन्। यस शीर्षकबाट कुनै अनुदान प्राप्त नभए पनि अंग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान प्राप्त भएअनुरूप निम्न विद्यालयहरूलाई जम्मा रू. ३६,६४,४४०।०० निकासा गरिएको छ :

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अनुदान रकम रू. | | जम्मा रकम रू. |
|---|---|---|---|---|
| | | आधारभूत तह | माध्यमिक तह | |
| १. | राष्ट्रिय आ.वि. चहका, कौरैया, सुरुङ्गा-१ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| २. | जनता आ.वि. कमलपुर, सुरुङ्गा-२ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| ३. | जनता आ.वि. भेडिया, सुरुङ्गा-२ | ३,३८,४००।०० | ४,३१,८८०।०० | ७,७०,२८०।०० |
| ४. | राष्ट्रिय आ.वि. पोखरिया, बसानपट्टी, सुरुङ्गा-७ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| ५. | आ.वि. मलहनमा, सुरुङ्गा-८ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| ६. | मुसहरनियाँ आ.वि. समसेरपुर, सुरुङ्गा-८ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| ७. | जनता आ.वि. प्रमाणपुर, सुरुङ्गा-९ | ३,३८,४००।०० | | ३,३८,४००।०० |
| ८. | जनता मा.वि. खैजनपुर, भज्जका, सुरुङ्गा-११ | ०।०० | ८,६३,७६०।०० | ८,६३,७६०।०० |
| | **जम्मा** | **२३,६८,८००।००** | **१२,९५,६४०।००** | **३६,६४,४४०।००** |

शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराउनाले विगत लामो समयदेखि विद्यालयहरूमा विद्यमान शिक्षक अभाव घटाउन सघाउ पुगेको भएपनि न्यूनतम शिक्षकको अवधारणा अनुरूप उपलब्ध कोटाबाट शिक्षक व्यवस्थापन गर्न रकम अपुग रहेको कारणले अध्यापन अनुमति लिएका र शैक्षिक योग्यता पुगेका शिक्षकहरूको प्रबन्ध मिलाउन सकस परिरहेको छ।

**ज) विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab. पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयको अवस्था**

यस आर्थिक वर्षमा विज्ञान प्रयोगशाला अनुदान, ICT Lab र इन्टरनेट सुविधाको लागि विद्यालय क्षेत्र विकास कार्यक्रमबाट उपशीर्षकगत बजेट प्राप्त भएको थियो। हालसम्म ५ ओटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान र ८ ओटा विद्यालयमा ICT Lab अनुदान उपलब्ध गराई कार्यसञ्चालन एवम् प्रयोग भइरहेको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत एकओटा माध्यमिक विद्यालयलाई कम्प्युटर ल्याब अनुदान निकासा गरिए अनुरूप

सामग्री व्यवस्थापनको कार्य भइरहेको छ। विगतदेखि नै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधा पुगिसकेको छ भने गत वर्षदेखि कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा शैक्षिक कार्यक्रम शीर्षकबाट सबै आधारभूत विद्यालयहरूलाई रू. १२,०००।०० का दरले इन्टरनेट जडानको लागि अनुदान उपलब्ध गराइएको छ। आधारभूत विद्यालयहरूले समेत इन्टरनेट जडानको कार्य गरिसकेका छन्। कतिपय स्थान विशेषमा इन्टरनेट सुविधा उपलब्ध गराउन अनिच्छुक हुने समस्या एकातिर छ भने धैरैजसो इन्टरनेट सेवा प्रदायक संस्थाहरूले उपलब्ध गराउने इन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको अवस्था छ। यस वर्षको विज्ञान प्रयोगशाला, ICT/प्रति कम्प्युटर Lab, शिक्षामा नवीन प्रविधि र इन्टरनेट सुविधाको लागि अनुदान उपलब्ध गराइएका विद्यालयहरू निम्नानुसार छन् :-

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वार्ड नं. | विज्ञान प्रयोगशाला अनुदान | ICT/Computer Lab/शिक्षामा नवीन प्रविधि अनुदान | इन्टरनेट सेवा अनुदान |
|---|---|---|---|---|---|
| १. | जनता आ.वि. नैनडावर | सुरुङ्गा-१ | | | १२,०००।०० |
| २. | जनता मा.वि. शिशुवारी | सुरुङ्गा-१ | | | १२,०००।०० |
| ३. | जनता आ.वि. शिवनगर | सुरुङ्गा-१ | | | १२,०००।०० |
| ४. | राष्ट्रिय आ.वि. चहका, कौरैया | सुरुङ्गा-१ | | | १२,०००।०० |
| ५. | राष्ट्रिय जनता आ.वि. रक्साहा | सुरुङ्गा-२ | | | १२,०००।०० |
| ६. | राष्ट्रिय प्रा.वि. बाउन्ना | सुरुङ्गा-२ | | | १२,०००।०० |
| ७. | जनता आ. वि. कमलपुर | सुरुङ्गा-२ | | | १२,०००।०० |
| ८. | जनता आ. वि. भेडिया | सुरुङ्गा-२ | ६,५०,०००।०० | | १२,०००।०० |
| ९. | जनमुखी सामुदायिक प्रा.वि. हर्दिया | सुरुङ्गा-२ | | | १२,०००।०० |
| १०. | जनप्रभात मा.वि. दौलतपुर | सुरुङ्गा-३ | | | १२,०००।०० |
| ११. | राष्ट्रिय प्रा.वि. भुसी महुलिया | सुरुङ्गा-३ | | | १२,०००।०० |
| १२. | राष्ट्रिय प्रा.वि. लक्ष्मीपुर, कनकपुर | सुरुङ्गा-४ | | | १२,०००।०० |
| १३. | आदर्श राष्ट्रिय प्रा.वि. मधुपट्टी | सुरुङ्गा-४ | | | १२,०००।०० |
| १४. | जनता आ.वि. वीरनगर | सुरुङ्गा-४ | | ६,५०,०००।०० | १२,०००।०० |
| १५. | राष्ट्रिय प्रा.वि. कदमाहा | सुरुङ्गा-४ | | | १२,०००।०० |
| १६. | मसीलाल जनता मा.वि. कुशहा | सुरुङ्गा-५ | | | १२,०००।०० |
| १७. | राष्ट्रिय जनता आ.वि. बनिगामा, कुशहा | सुरुङ्गा-५ | | | १२,०००।०० |
| १८. | जनता राष्ट्रिय आ.वि. श्रीपुर जब्दी | सुरुङ्गा-६ | | | १२,०००।०० |
| १९. | राष्ट्रिय प्रा.वि. चकदह, मोहनपुर | सुरुङ्गा-७ | | | १२,०००।०० |
| २०. | दलित जनता प्रा.वि. पोखरिया, हरिपुर | सुरुङ्गा-७ | | | १२,०००।०० |
| २१. | राष्ट्रिय प्रा.वि. हरिपुर | सुरुङ्गा-७ | | | १२,०००।०० |
| २२. | राष्ट्रिय आ.वि. पोखरिया, बसानपट्टी | सुरुङ्गा-७ | | | १२,०००।०० |
| २३. | राष्ट्रिय आ.वि. महुलिया, मलहनमा | सुरुङ्गा-८ | | | १२,०००।०० |
| २४. | आ.वि. मलहनमा | सुरुङ्गा-८ | | | १२,०००।०० |
| २५. | मुसहरनियाँ आ.वि. समसेरपुर | सुरुङ्गा-८ | | | १२,०००।०० |
| २६. | जनता आ.वि. प्रमाणपुर | सुरुङ्गा-९ | | | १२,०००।०० |
| २७. | केशव स्मारक जनता मा.वि. टिकुलिया | सुरुङ्गा-९ | | | १२,०००।०० |
| २८. | जनता राष्ट्रिय प्रा.वि. सिस्वा थल्हा | सुरुङ्गा-१० | | | १२,०००।०० |
| २९. | जनता राष्ट्रिय प्रा.वि. औरहा, महेशपुर | सुरुङ्गा-११ | | | १२,०००।०० |

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वार्ड नं. | विज्ञान प्रयोगशाला अनुदान | ICT/Computer Lab/शिक्षामा नवीन प्रविधि अनुदान | इन्टरनेट सेवा अनुदान |
|---|---|---|---|---|---|
| ३०. | जनता मा.वि. खैजनपुर, भजक्का | सुरुङ्गा-११ | | ६,५०,०००।०० | १२,०००।०० |
| ३१. | जनता आ. वि. रामपुर | सुरुङ्गा-११ | | | १२,०००।०० |
| | **जम्मा** | | **६,५०,०००।००** | **१३,००,०००।००** | **३,७२,०००।०** |

### झ) विद्यालयमा शिक्षकको समयावधि (Teacher Time Spent on Task-TST) सुधार कार्यक्रम कार्यान्वयन र अनुगमनको अवस्था

गत वर्ष झैँ यस वर्ष पनि शिक्षकको समयावधि सुधार कार्यक्रम कार्यान्वयनको लागि ३१ ओटै विद्यालयलाई प्रति विद्यालय रू. २,०००।०० का दरले कुल रकम रू. ६२,०००।०० अनुदान उपलब्ध गराइएको छ। विद्यालयमा शिक्षकको समयावधि सुधार कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि अनुसार गर्न/गराउन समेत निर्देशन दिइनुका साथै अनुगमनका क्रममा सुधारका लागि पृष्ठपोषण दिने गरिएको छ। तथापि धेरैजसो विद्यालयहरूले यस कार्यक्रमको कार्यान्वयनको लागि उपलब्ध अनुदान नाम मात्रको भएको र नगण्य प्राय: रहेको गुनासो गर्दै आएका छन्। विद्यालय व्यवस्थापन समितिले कार्यविधि कार्यान्वयनका लागि चासो दिनसकेका छैनन् भने केही शिक्षकहरू उदासिन छन्। कोभिड-१९ को कारण उत्पन्न परिस्थितिले गर्दा विद्यालय खुल्ने र प्रत्यक्ष शिक्षण सिकाइ प्रक्रिया अवरूद्ध बनेको छ। विद्यालय सञ्चालनका बखत भने शिक्षकहरूको नियमितता र पठनपाठनमा उनीहरूले विताउने समयमा सुधार भने आएको छ।

### ञ) विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति

विगत झैँ यस वर्ष पनि स्थानीय जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, प्रधानाध्यापकहरू तथा शिक्षा शाखाका कर्मचारीहरूको सक्रियतामा संयुक्त रूपमा विद्यालय अनुगमन तथा निरीक्षण गरिएको छ। अनुगमनका क्रममा कक्षा शिक्षणको अवलोकन गरी पृष्ठपोषण लिनेदिने कार्य समेत भएको छ। प्रत्येक महिनाको ६ गते नगरस्तरीय प्रधानाध्यापकहरूको बैठक बस्ने प्रणाली स्थापित गरिएको छ। यस आर्थिक वर्षमा ४ पटक विभिन्न विद्यालयमा घुम्ती बैठक सञ्चालन भई प्रअ बैठक बस्नुको औचित्य र सान्दर्भिकता वृद्धि गर्ने कार्य भएको छ। घुम्ती बैठकका क्रममा आसपासका कम्तीमा ४/४ विद्यालयको समग्र पक्षको लेखाजोखा हुने गरी अनुगमन, निरीक्षण र पृष्ठपोषणको संस्कृति बसेको छ। पठनपाठनमा नियमितता, विद्यार्थी सिकाइ सक्षमतामा सुधार, भौतिक सुविधाको व्यवस्थापन, आर्थिक लगायत शैक्षिक सुधारको प्रक्रियामा विद्यालयको सामूहिक जिम्मेवारी निर्वाह भएनभएको लेखाजोखाका अतिरिक्त सुधारका उपायहरूको खोजीमा अपनत्त्व ग्रहण गरिएको छ। यसबाट एकले अर्का विद्यालयको वस्तुस्थितिको अनुगमन र स्वपहिचानको अवसर पाउनुका साथै सुधारका निमित्त उत्प्रेरणा थपिएको छ।

नगर शिक्षा समितिको मिति २०७७ चैत्र २४ गतेको बैठकबाट नियमित विद्यालय सञ्चालन तथा विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार ल्याउनको निम्ति नगर प्रमुखको संयोजकत्व र नगर उपप्रमुखको उपसंयोजकत्वमा नगरस्तरीय विद्यालय अनुगमन समिति गठन गरिएको छ। उक्त समितिले निरन्तर रूपमा सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने र प्रतिवेदनमा उल्लिखत कमी/कमजोरी सुधार गर्न आवश्यक कार्य गर्ने जिम्मेवारी तोकिएको भएता पनि कोभिड-१९ का कारण विद्यालय बन्द हुन पुग्दा समितिले सो कार्य गर्नसकेको छैन।

नगर प्रमुख, सामाजिक विकास समिति संयोजक, शिक्षा शाखाका कर्मचारी सहित २०७८ साउन १२ गते प्रतिनिधिमूलक १५ जना प्रअ बैठक बसी सबै सामुदायिक विद्यालयहरू सिकाइ केन्द्रको रूपमा सञ्चालन गर्नुपर्ने सुझावका आधारमा साउन १५ गतेदेखि सिकाइ केन्द्रको रूपमा विद्यालय सञ्चालन भएको थियो। तथापि माघ महिनाभरि कोरोनाकै कारण १ महिनाको लागि विद्यालय बन्द रह्यो।

शिक्षकहरूका लागि पेशागत सहयोगका लागि भनेजति काम हुननसके पनि आपसमा सूचना आदानप्रदान गर्ने/गराउने र सहकार्य गरी समस्या निराकरण गर्ने परम्परा/पद्धति विकास हुँदै गएको छ। विषयगत शिक्षकको अभावका कारण विषयगत

शिक्षकहरूको समूह बनाई परिचालन गर्ने र शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्ने सोच कार्यान्वयनमा आउन सकेको छैन। तहगत/विषयगत पाठ्यक्रम, पाठ्यसामग्री, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका, शैक्षिक सामग्रीहरूको उपयुक्त व्यवस्थाका लागि पहल गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउने अभ्यास भइरहेको छ। सशर्त अनुदानका कार्यक्रमहरूमा शिक्षक तालिम ओझेल पर्दै आएका कारण शिक्षकको पेशागत विकास अवरूद्ध बनेको छ। आन्तरिक स्रोतमार्फत न्यून बजेट र अवधिका तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भइरहे पनि पर्याप्त हुनसकेको छैन। विविध खालका तालिम र क्षमता विकासका कार्यक्रमहरूको आवश्यकता र माग बढ्दै गएको छ।

### ट) बालविकास केन्द्रको अवस्था

यस नगरक्षेत्रभित्र ५० वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। जसमध्ये १ समुदायमा आधारित र बाँकी विद्यालयमा आधारित छन्। नगरपालिकाको आफ्नै स्रोतबाट कुनै बालविकास केन्द्र सञ्चालनमा छैन। सङ्ख्याका हिसाबले बालविकास केन्द्रहरू बढी देखिए पनि कतिपय विद्यालयहरूमा माथिल्लो तहमा दरबन्दी/राहत कम वा शून्य भएकाले सहजकर्ता कै कारण पनि विद्यालय सञ्चालनमा सहज भएको देखिन्छ। फलस्वरूप नक्साङ्कनका आधारमा बालविकास केन्द्रहरूको समायोजन गर्न सकिएको छैन। कतिपय सबालमा शिक्षा विकास तथा समन्वय इकाईबाट प्रारम्भिक बालविकास केन्द्र र तिनका सहजकर्ता समेत समायोजन हुने गरेबाट चाप बढ्दै गएको स्थिति विद्यमान छ। जबसम्म आधारभूत तहको कक्षा ६-८ मा शिक्षकको अभाव परिपूर्ति हुनसक्तैन तबसम्म यसको नक्साङ्कन हुने स्थिति देखिँदैन। माथिल्लो तहमा शिक्षक अभावका कारण रहरले होइन बाध्यताले बालविकास केन्द्र नक्साङ्कनमार्फत मिलान तथा समायोजनको कार्य गर्न सकिएको छैन।

संघीय सरकारबाट प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि उपलब्ध हुने मासिक पारिश्रमिक रू. ८,०००।०० एकजना श्रमिकको दैनिक ज्यालाको हिसाबले झण्डै आधा रहेको छ। न्यून पारिश्रमिकका कारण उनीहरूले विताउने समयावधिमा सुधार ल्याउन सकिएको छैन। दैनिक विद्यालय सञ्चालन हुने समयावधिसम्म उनीहरूलाई टिकाइ राख्न हम्मेहम्मे परेको छ। न्यूनतम पारिश्रमिक रू. १५,०००।०० पुर्याउन स्थानीय तहले रू. ७,०००।०० थप्नुपर्दा आर्थिक भार बहन गर्न हम्मेहम्मे परेको छ। यसका सन्दर्भमा उठेका गुनासो र सहजकर्ताहरूसँग नेपाल सरकारले गरेका प्रतिबद्धता पूरा गर्न नसकेको एवम् अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेबमोजिमको न्यूनतम ज्याला समेत भर्न सकेको छैन। उनीहरूका लागि प्राथमिक तह तृतीय श्रेणी सरहको दरबन्दी कायम गर्ने सरकारी प्रतिवद्धता पूरा हुनसकेको छैन। तथापि यस नगरपालिकाबाट थप रकम विनियोजन गरी प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक वृद्धि गरिनुका साथै प्राप्त सशर्त अनुदानबाट शैक्षिक सामग्री व्यवस्थापन, दिवा खाजा अनुदान जस्ता शीर्षकमा प्रत्येक बालविकास केन्द्रको लागि अनुदान निकासा गरिएको छ। आन्तरिक स्रोतबाट १० ओटा प्रारम्भिक बालविकास कक्षाको लागि टेलिभिजन र अन्तर्क्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई शिक्षा सिकाइमा सहयोग गरिएको छ।

### ठ) विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षणको अवस्था

सदा झैं यस वर्ष पनि आधारभूत विद्यालयहरूका लागि रू. १५,०००।०० र माध्यमिक विद्यालयहरूलाई रू. २०,०००।०० का दरले वि.सु.यो., क्षमता विकास अनुदान निकासा गरिएको छ। सुरुङ्गा नगरपालिकाका ३१ मध्ये अधिकांश सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी पेश गर्ने गरेपनि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारी र सरोकारवाला अभिभावकहरूको अर्थपूर्ण सहभागितामा विद्यालयको सर्बाङ्गीण विकासको उद्देश्य अनुरूप योजना निर्माण हुनसकेको छैन। नाम मात्रको सहभागिता र केही व्यक्तिको सक्रियतामा विद्यालय सुधार योजना बन्ने गरेको देखिन्छ। कार्यान्वयनको कुरा त झन् टाढाको विषय बनेको छ। वास्तविक धरातलमा रहेर विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने हो भने सो अनुदान अपर्याप्त देखिन्छ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र शिक्षक अभिभावकहरूको सहभागितामा सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिए पनि अझै सबै विद्यालयहरूले सामाजिक परीक्षण गर्न सकेका छैनन्। सामाजिक परीक्षणलाई अन्तिम लेखापरीक्षणको अनिवार्य शर्त तोकिएपछि मात्र विद्यालयहरूले सामाजिक परीक्षणमा ध्यान दिन थालेका छन्।

### ड) कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि कार्यक्रम तथा प्रयासहरू

२०७६ साल चैत्र ११ गतेदेखि कोभिड-१९ का कारण मुलुकभर बन्दाबन्दीको कारणले सबै विद्यालयहरू बन्द हुनपुगे। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७" जारी भयो। वैकल्पिक माध्यमबाट विद्यार्थीको शिक्षण सिकाइ कार्य सञ्चालन गर्न निर्देशन प्राप्त भयो। सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच कमजोर भएकाले Virtual Class को प्रभाव न्यून रह्यो। कोरोना कहरकै बखत परिस्थितिमा सुधार आएसंगै सुरुङ्गा नगरपालिकाका सबै विद्यालयहरू २०७७ असोज १५ गतेदेखि सञ्चालनमा आयो। विद्यालयको आवश्यकता, विद्यार्थी सङ्ख्या र शिक्षक उपलब्धताका आधारमा विद्यालयहरूको आवश्यकता अनुसार सिफ्ट प्रणाली अपनाई सिकाइ केन्द्रको रूपमा पठनपाठन सुचारू गरियो। सामुदायिक पढाइ, टोल सिकाइ कार्यक्रम, एफ.एम.बाट सहजीकरण, स्थानीय शिक्षकहरूबाट ट्यूशन/कोचिङका माध्यमबाट विद्यार्थी सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन भए। तर विद्यार्थीमा यसको प्रभाव न्यून रह्यो। गाउँ-गाउँमा Speaker बजाई शिक्षण सिकाइलाई निरन्तरता दिने प्रयास गत आ.व.मा भए। यस आर्थिक वर्षको साउन १५ गतेपछि मात्र विद्यालयहरू सिकाइ केन्द्रको रूपमा सञ्चालन भए। माघ महिनाभरि विद्यालय बन्द गर्नुपर्ने केन्द्रीय उर्दीका कारण माघ महिनामा विद्यालय सञ्चालन हुनसकेन।

गत आर्थिक वर्षमा यो शीर्षकमा बजेट तथा कार्यक्रम प्राप्त भए पनि द्विविधा रह्यो। यस आर्थिक वर्षमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत प्राप्त रकम रू. ५,००,०००।०० मध्ये रू. ४,९९,३४६०।०० खर्च भएको थियो। उक्त अनुदानबाट विद्यालयहरूमा कक्षा १-३ मा अध्ययनरत विद्यार्थीहरूको सिकाइमा सघाउ पुर्याउन, दैनिक सिकाइ अभिलेखीकरण गर्न र विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गर्न विद्यार्थी डायरी छपाइ तथा वितरणको कार्य गरियो। यसबाट निरन्तर विद्यार्थी मूल्याङ्कन र आन्तरिक मूल्याङ्कन सुदृढ भई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने अपेक्षा गरिएको छ।

### ढ) विद्यार्थी मूल्याङ्कनको अवस्था

साधन, प्रक्रिया र प्रतिफलको लेखाजोखा मूल्याङ्कन हो। निरन्तर विद्यार्थी मूल्याङ्कन, अक्षराङ्कन मूल्याङ्कन पद्धति जस्ता विभिन्न मूल्याङ्कन पद्धितिका सन्दर्भमा शिक्षकहरू अझै अलमलिरहेका छन्। विगत ३ वर्षदेखि आधारभूत (प्राथमिक र निम्नमाध्यमिक) तहका शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्क सम्बन्धी ३/३ दिने शिक्षक तालिम सञ्चालन गरिए पनि अपर्याप्त छन्। तालिमबाट मूल्याङ्कनका विविध पद्धति कार्यान्वयनको अभ्यास आरम्भ भए पनि वास्तविक अर्थमा व्यवस्थित ढङ्गले भइरहेको छैन। नगरपालिकाको आन्तरिक बजेट मार्फत कक्षा १-३ तथा ४-६ मा अध्यापन गर्ने शिक्षकहरूलाई निरन्तर विद्यर्थी मूल्याङ्कन सम्बन्धी ३/३ दिने तालिम यस आर्थिक वर्षमा सञ्चालन गरिएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनको लागि कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रू. १००।०० का दरले सशर्त अनुदान निकासा गरिएको छ। पेशागत जिम्मेवारी बोध हुननसक्दा कै कारण निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रभावकारिता बढ्न सकेको छैन। प्रत्येक वर्ष शिक्षक डायरी उपलब्ध गराई पाठ शिक्षणलाई योजनामा आधारित बनाउन सघाउन पुर्याए झैँ यस वर्षदेखि कक्षा १-३ का विद्यार्थीहरूका लागि विद्यार्थी डायरी उपलब्ध गराइएको छ। यसले विद्यार्थी मूल्याङ्कनलाई सुदृढ तुल्याउनुका साथै विद्यार्थीहरूमा स्वाध्ययन गर्ने वानीको विकास र अभिभावकहरूमा आफ्ना बालबालिकाको सिकाइ स्तर थाहा पाउने अवसर मिल्नेछ।

### ण) छात्रवृत्ति वितरण

शैक्षिक सत्र २०७८ मा भर्ना भई कक्षा १-८ मा अध्ययनरत सम्पूर्ण छात्रा तथा दलित विद्यार्थीहरूका लागि वार्षिक रू. ४००।०० का दरले गैरआवासीय छात्रवृत्ति रकम विद्यालयको खातामा निकासा गरिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित आधार र प्रक्रिया अनुसरण गरी छात्रवृत्ति वितरणको व्यवस्था मिलाउन निर्देशन दिइएको छ। धैरैजसो विद्यालयमा अभिभावक, विद्यालय व्यवस्थापन समिति एवम् अभिभावक शिक्षक संघका पदाधिकारीहरूको रोहवरमा छात्रवृत्ति वितरण हुने गरेको कुरा अनुगमन र भर्पाइबाट देखिएको छ। विद्यार्थी हाजिरीलाई व्यवस्थित गरी छात्रवृत्तिको लागि हाजिरी प्रतिशत अनिवार्य गरी सूचना गर्ने र प्रतिशत यकिन गरी छात्रवृत्ति वितरण गर्ने परिपाटी बसाल्न

निर्देशन दिइए पनि कतिपय विद्यालयहरूमा अनुसरण भएको देखिँदैन। आवासीय छात्रवृत्ति रकम निकासा दिनुपर्ने अवस्था नरहेकाले निकासा दिइएको छैन।

**त) विशेष शिक्षा  कार्यक्रम कार्यान्वयन अवस्था**

सुरुङ्गा नगरपालिका क्षेत्रभित्र विशेश शिक्षा अन्तर्गत कुनै प्रकारको कार्यक्रम सञ्चालन भएको छैन।

**थ) बहुकक्षा बहुस्तर (MGML), बहुभाषिक तथा घुम्ती विद्यालय सञ्चालनको अवस्था**

यस नगरपालिकाको केही विद्यालयहरूमा शिक्षक अभावका कारण बहुकक्षा सञ्चालन गरिए पनि बहुकक्षा बहुस्तर कार्यक्रम कै रूपमा सञ्चालनमा छैन। तराई क्षेत्र भएकाले मैथिली र थारू भाषाको बाहुल्यता रहेबाट बहुभाषिक शिक्षण पद्धति अवलम्बन समेत भएको पाइन्छ।

**द) दिवा खाजा कार्यक्रम कार्यान्वयन**

प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म भर्ना भएका विद्यार्थी संख्याका आधारमा दैनिक रू. १५।०० का दरले वार्षिक १५० दिनको लागि दिवा खाजा वापतको रकम विद्यालयको खातामा निकासा दिइएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को आधारमा खाजा खुवाउने व्यवस्थाका लागि विद्यालयहरूलाई निर्देशन दिइनुका साथै समयसमयमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गरिएको छ।

**ध) अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम**

नगरक्षेत्रभित्र रहेका झण्डै १०,००० निरक्षर जनसंख्यालाई साक्षर तुल्याई साक्षर नगर घोषणा गर्ने २ पटक जमर्को भए पनि कोभिड-१९ का कारण साक्षर नगर घोषणाको कार्यक्रम अधुरै रहेको छ। सघन निरक्षर रहेको र १५ देखि माथिको उमेर समूहमा विद्यमान सिकाइप्रतिको उदासिनता र कार्यबोझका कारण आशातीत रूपमा यो कार्यक्रम सफल हुने सकेको छैन। सशर्त अनुदानतर्फ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) साझेदारीमा आधारित साक्षर नेपाल अभियान सञ्चालन र आन्तरिक स्रोततर्फ विनियोजित साक्षरता अभियान सञ्चालन र साक्षर नगर घोषणा कार्यक्रम शीर्षकमा यस वर्ष ११ ओटै वडाका ५/५ स्थानमा अभियानका रूपमा ३ महिने साक्षरता कक्षा सञ्चालन गरिए पनि स्थानीय तहको चुनाव २०७९ का कारण प्रभावित बन्यो। यस क्षेत्रमा खुला विद्यालय तथा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा छैनन् ।

**न) प्राविधिक तथा व्यावसायिक शिक्षा**

सुरुङ्गा नगरपालिका क्षेत्रमा एक मात्र विद्यालय मसिलाल जनता मा.वि. कुशहामा सिभिल ईञ्जिनियरिङ विषयको प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको छ। शैक्षिक सत्र २०७९ देखि उक्त विद्यालयमा कक्षा १२ मा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको छ। ३ जना प्रशिक्षक र २ जना सहायक प्रशिक्षकमार्फत सिभिल ईञ्जिनियरिङ कक्षा सञ्चालन भइरहेको छ। आ.व. २०७५/७६ मा प्राविधिक धार ल्याब व्यवस्थापनका लागि रू. ५० लाख अनुदान निकासा गरिएको छ। यस वर्ष कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान शीर्षकमा रू. १८,००,०००।०० निकासा गरिएको छ। व्यवस्थित प्रयोगशाला नभएपनि प्रयोगशाला सामग्री खरिद र व्यवस्थापन गरी कक्षा सञ्चालनको प्रबन्ध गरिएको छ। प्राविधिक/व्यावसायिक शिक्षा धार सञ्चालन गर्न भौतिक पूर्वाधार अझै अपर्याप्त देखिन्छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा निर्धारण भएबमोजिम प्राविधिक धारतर्फ प्रति कक्षा ४८ जना विद्यार्थी भर्ना हुने गरेकोमा विद्यार्थी संख्या घट्दो छ। केही विद्यार्थी अनियमित हुने, बीचैमा कक्षा छाड्ने भई अन्तिम परीक्षासम्ममा विद्यार्थी न्यून हुने गरेका छन्। शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदानबाट प्राविधिक धार सञ्चालित विद्यालयलाई Lab Assistant, Equipments & Practical Materials, OJT, Operation Cost वापत प्रति विद्यार्थी रू. १५,०००।०० का दरले अनुदान रू. १३,६५,०००।०० निकासा गरिएको छ।

### प) नमुना विद्यालयको अवस्था

प्रत्येक स्थानीय तहमा एक नमुना विद्यालय सञ्चालन गर्नुपर्नेमा सुरुङ्गा नगरपालिकामा कुनै प्रकारको नमूना विद्यालय सञ्चालन एवम् व्यवस्थापन हुनसकेको छैन । यसका लागि स्थानीय तहको आन्तरिक स्रोत समेत कमजोर रहेकाले अवधारणा महशुन भएपनि हालसम्म कुनै विद्यालयलाई नमुनाको रूपमा सञ्चालन गरिएको छैन ।

### ४.२ आन्तरिक स्रोतबाट सम्पादित कार्यक्रमहरू

सुरुङ्गा नगरपालिकाले सशर्त अनुदानबाट समेट्न नसकेका र विद्यालयहरूको माग एवम् आवश्यकताका आधारमा पहिचान भएका क्रियाकलापहरूको लागि बजेट तथा कार्यक्रम विनियोजन गरी आन्तरिक स्रोतबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा रू. १५ लाख, २०७५/७६ मा रू. १ करोड, २०७६/७७ मा रू. १ करोड ५ लाख ८८ हजार, २०७७/७८ मा रू. १ करोड १ लाख ५२ हजार रूपैयाँ र २०७८/७९ मा रू. २ करोड गरी हालसम्म रू. ५ करोड २२ लाख ४० हजार विनियोजन गरिसकेको छ । विभिन्न कारणले विनियोजित बजेट तथा कार्यक्रमका सबै क्रियाकलापहरू सञ्चालन हुन सकेको छैन । पर्याप्त मात्रामा कर्मचारीको व्यवस्था नहुनु, प्रदेश सरकारतर्फ राजश्व बाँडफाँडको रकम अन्तिम समयमा न्यून बजेट फुकुवा भई आउनु, कोरोना महामारीका कारण विद्यालय बन्द हुनु र सरोकारवालाहरूलाई एक ठाउँमा जम्मा गरी कार्यक्रम तथा शैक्षिक गतिविधि सञ्चालन गर्न निषेध गरिनु जस्ता समस्याका कारण समयमै लक्षित कार्यक्रम सञ्चालन गरी बजेट खर्च गर्न नसकिनु प्रमुख कारण रहेको छ । तथापि यस वर्ष करिब ९० प्रतिशतभन्दा बढी बजेट खर्च भई धेरैजसो क्रियाकलापहरू सञ्चालनमा आएका छन् । यसले विद्यालयहरूको शिक्षण सिकाइ र व्यवस्थापकीय क्षमतामा सुधार आउने विश्वास गरिएको छ ।

स्वयंसेवक शिक्षकको माध्यमद्वारा विद्यालयहरूमा देखिएको शिक्षक अभावलाई केही हदसम्म भएपनि टेवादिने प्रयत्न गरिएको छ । नगर शिक्षा ऐन निर्माण, अभिभावक सचेतना कार्यक्रम, शैक्षिक वृत्तचित्र प्रसारण, नगरस्तरीय विद्यालय खेलकूद प्रतियोगिता सञ्चालन, प्रारम्भिक बालविकास शिक्षक एवम् विद्यालय कर्मचारीहरूको पारिश्रमिक वृद्धि, निरन्तर विद्यार्थी मूल्याङ्कन तालिम, कम्प्युटर सीप शिक्षण तालिम, शैक्षिक सामग्री निर्माण सम्बन्धी कार्यशाला सञ्चालन, सुरुङ्गा नगरपालिकाको शैक्षिक परिदृश्य २०७८ प्रकाशनको कार्य यस स्थानीय तहले गरेका सम्झनलायक कार्यक्रमहरू हुन् । सुरुङ्गा नगरपालिकाको सातौं नगर सभाबाट आन्तरिक स्रोततर्फ विनियोजित बजेट तथा कार्यक्रमतर्फ वार्षिक बजेट र खर्चको अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूका लागि मासिक थप भत्ता (चाडपर्व समेत) | ७,६६४,००० | ७,६००,०००.०० | ९९.१६ |
| २. | स्वयंसेवक शिक्षक व्यवस्थापन | ३,९००,००० | ३,२९०,५२४.०५ | ८४.३७ |
| ३. | शाखा कार्यालय तथा अभिलेख व्यवस्थापनको लागि सामग्री खरिद | ११२,००० | ९५,६७०.०० | ८५.४२ |
| ४. | शाखामा पुस्तकालय व्यवस्थापनको लागि फर्निचर तथा पुस्तक खरिद | १२५,००० | १२४,०००.०० | ९९.२० |
| ५. | विद्यालयहरूको सूचना प्रणाली तथा लेखा प्रणाली सुदृढीकरणको लागि सफ्टवेयर खरिद | ७००,००० | ४८५,९००.०० | ६९.४१ |
| ६. | आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन | ७,००,००० | ६,९९,८००.०० | ९९.९७ |
| ७. | कक्षा ६, ७ र ९ को वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण, छपाइ तथा वितरण | ५,००,००० | ४,१७,२००.०० | ८३.४४ |
| ८. | कम्प्युटर विषय शिक्षण गर्ने शिक्षकहरूको लागि कम्प्युटर तालिम (५ दिने) | २,५०,००० | २,५०,०००.०० | १००.०० |

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ९. | नगर शिक्षा नियमावली तथा कार्यविधि निर्माण कार्यक्रम | १,००,००० | ०.०० | ०.०० |
| १०. | नगरस्तरीय विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन | ६,००,००० | ५,९९,९००.०० | ९९.९८ |
| ११. | राष्ट्रिय शिक्षा दिवस, बाल दिवस तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | ३,६०,००० | ३,३३,९००.०० | ९२.७५ |
| १२. | विद्यालय तथ्याङ्क संकलन, प्रशोधन र प्रतिवेदन (School-based IEMIS Software व्यवस्थापन समेत) | २,५०,००० | २,५०,०००.०० | १००.०० |
| १३. | विद्यालय तथा कार्यक्रम अनुगमन, सुपरिवेक्षण र अन्तर्क्रिया कार्यक्रम | १,६०,००० | १,५८,४००.०० | ९९.०० |
| १४. | विषयगत विज्ञ शिक्षक समूहद्वारा शिक्षकहरूका लागि पेशागत सहयोग कार्यक्रम | १,५०,००० | ९८,२००.०० | ६५.४७ |
| १५. | शिक्षा, युवा तथा खेलकुद सम्बन्धी (विभिन्न समितिको बैठक) तथा नगरस्तरीय प्र.अ. बैठक सञ्चालन | २,००,००० | ११६,२००.०० | ५८.१० |
| १६. | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण र वितरण | ३,००,००० | ०.०० | ०.०० |
| १७. | शैक्षिक क्यालेण्डर छपाइ र वितरण | १,५०,००० | १,४९,९००.०० | ९९.९३ |
| १८. | शिक्षक डायरी तयारी, छपाइ र वितरण | १,००,००० | ९८,३१०.०० | ९८.३१ |
| १९. | साक्षरता अभियान सञ्चालन र साक्षर नगर घोषणा कार्यक्रम | ३,००,००० | ३,००,०००.०० | १००.०० |
| २०. | नगरस्तरीय फूटबल, भलिबल, क्रिकेट र ब्याडमिन्टन प्रतियोगिताको लागि नगरपालिकाको तर्फबाट हुने प्रायोजन | ५,५०,००० | ५,४७,१९५.०० | ९९.४९ |
| २१. | आधारभूत विद्यालयहरूका लागि कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर खरिद तथा वितरण | १०,००,००० | ९,७०,९६५.०० | ९७.१० |
| २२. | प्रारम्भिक बालविकास केन्द्रहरूका लागि टेलिभिजन र अन्तरक्रियात्मक डिजिटल सिकाइ सामग्री खरिद तथा वितरण | ५,००,००० | ४,९७,२००.०० | ९९.४४ |
